# परिच्छेद - एक

# शोध - परिचय

## १.१ शोध-शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **माध्यमिक तहको नेपाली भाष पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाली शिक्षा ५९८ पाठ्यांश को आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ ।

## १.३ समस्याकथन

अनुसन्धानका निम्ति छानिएका कुनै पनि अनुसन्धानयोग्य विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरिन्छ । शोधकार्यमा समस्याको पहिचान अति आवश्यक कुरा हो । त्यसकारण अनुसन्धानको विषयवस्तुसँग पूर्ण रूपमा परिचित हुनु आवश्यक हुन्छ । शोधको समस्यालाई पूर्ण रूपमा परिभाषित नगराए सम्म शोधको कार्यअगाडि बढ्न सक्दैन । यस विषयको सन्दर्भमा रहेर उल्लेखित शीर्षकको सापेक्षतामा कुरा गर्दा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन नै यस शोधकार्यको समस्या रहेको छ । नेपाली भाषा पाठ्यक्रमको औपचारिक सुरूवात वि.सं. १९५८ मा देवशमशेरले खोलेका भाषा पाठशाला र उनीद्वारा लिखित 'अक्षराङ्क शिक्षा' नामक पाठ्यपुस्तकबाट नै भएको पाइन्छ । त्यसपछि नेपाली भाषाको शिक्षणलाई समयसापेक्ष प्रभावकारी बनाउन विभिन्न प्रयासहरू भएका छन् । यिनै प्रयासहरूको पृष्ठभूमिमा राष्ट्रिय शिक्षा आयोजना (२०११) को सिफारिस पछि वि.सं. २०१६ मा प्राथमिक तहको पाठ्यक्रम निर्माण भएपछि तयार भएको भाषापाठ्यक्रमले भाषिक सीपहरूमा जोड दिँदै प्रत्येक तहका लागि छुट्टाछुट्टै पाठ्यक्रम निर्माण गरेको छ । यसमा विषयवस्तुको क्षेत्र, विधा र क्रम निर्धारण, विधा र क्रमको स्पष्टीकरण, अङ्कभार जस्ता पक्षहरूलाई समेटेको छ । यो पाठ्यक्रमलाई वैज्ञानिक रूपमा तयार पारिएको पहिलो पाठ्यक्रम मानिन्छ ।

पाठ्यक्रमलाई शैक्षिक लक्ष्य प्राप्तिका दिशामा अघि बढ्ने योजनाका रूपमा लिइन्छ । जसमा शिक्षाका राष्ट्रिय उद्देश्य, साधारण उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया तथा शिक्षण सामग्रीको स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ । तर यी पक्षहरूको उल्लेख र समावेश प्रक्रियाको वैज्ञानिकताका आधारमा त्यसको विश्लेषण गरिन्छ । यहाँ नेपाली भाषा पाठ्यक्रम (२०२८) र नेपाली भाषा पाठ्यक्रम (२०६४) को उद्देश्य, विषयवस्तु, क्रियाकलाप, भाषा, पाठ्यक्रमका आधार लगायतका पक्षमा तुलनात्मक अध्ययन गरिएको छ । यस आधारमा यो अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ –

क) माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विकासक्रम के कस्तो रहेको छ ?

ख) माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४का विशेषता के कस्ता रहेका छन् ?

ग) भाषापाठ्यक्रम निर्माणका आधार अनुरूप पाठ्यक्रम निर्माण भएको छ वा छैन ?

घ) भाषिक सीप विकासका दृष्टिले पाठ्यक्रमको ढाँचा के कस्तो छ ?

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) माध्यमिक तहको नेपाली भाषापाठ्यक्रमको विकासक्रम पहिल्याउनु ।

ख) माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ का विशेषता केलाउनु ।

ग) भाषापाठ्यक्रम निर्माणको आधारअनुरूप पाठ्यक्रमको तुलना गर्नु ।

घ) भाषिक सीपविकासका दृष्टिले निर्दिष्ट पाठ्यक्रमको तुलना गर्नु र

ङ) पाठ्यक्रमका सबल र दुर्बल पक्षहरूको पहिचान गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

अनुसन्धानको सिलसिलामा सम्बन्धित विषयमा यस अघि गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षा राम्ररी नगरी आफ्नो अनुसन्धानलाई अघि बढाउँदा कतिपय कुराहरूको पुनरावृत्ति हुनसक्छ । यहाँ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको तुलना, विश्लेषण र मूल्याङ्कका सन्दर्भमा भएका प्रयासहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :–

अधिकारी र शर्मा, (२०३४:२९) कार्य विवरणमा "नेपाली विषय शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन" नामक कार्यपत्रको विवरणमा माध्यमिक र उच्च माध्यमिक शिक्षाका भाषापाठ्यक्रमका सम्बन्धमा उल्लेख गरिएको छ । यस अध्ययनले वि.स. २०२८ पछि माध्यमिक तहका लागि तयार पारिएको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको विशेषता र कमजोरीको चर्चा गर्ने प्रयास गरेको छ । २०२८ को नेपाली भाषा पाठ्यक्रमले प्रमुख विशेषताका रूपमा पुरानो प्रारम्भिक नेपाली र पूर्वीय भाषा नेपाली दुबैलाई समन्वय गर्ने प्रयास प्रयोजनपरक दृष्टिले विषयवस्तु वा सामग्रीको छनोटमा विविधता ल्याउने प्रयास तथा भाषाको पुरकका रूपमा व्याकरण सिकाउने दृष्टिकोणको सङ्केत गर्नुलाई लिइएको छ ।

ध्रुवकुमार घिमिरे (२०५१) द्वारा "पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रम तुलनात्मक अध्ययन" शीर्षकमा प्रवीणता प्रमाणपत्र तहको पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमका बीच तुलना गरिएको छ । यस प्रतिवेदनमा दुई पाठ्यक्रमका बीच तुलना गर्दा उद्देश्य, अङ्कभार, पाठ्यभार, विषयवस्तु र मुल्याङ्कनलाई आधार बनाइएको छ । सो अध्ययनमा प्रवीणता प्रमाणपत्र तहको पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमका समानता/असमानता, उपयुक्तता/अनुपयुक्तताका बारेमा अध्ययन विश्लेषण गरिएको छ । निष्कर्षका रूपमा नयाँ पाठ्यक्रमले केही नयाँ विषय, ढाँचाको थालनी गरी अनिवार्य नेपाली विषयलाई बढी वस्तुनिष्ठ, सरल एवम् व्यवहारोपयोगी बनाउने प्रयास गरेको कुरा चर्चा गरिएको छ ।

तीर्थराज खतिवडा (२०५३) द्वारा "प्राथमिक शिक्षा नेपाली भाषापाठ्यक्रम २०३६/०३८ र २०४९ : तुलनात्मक अध्ययन" शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययनमा ०३६/०३८ र २०४९ का प्राथमिक शिक्षा नेपाली शिक्षण प्रक्रिया र मुल्याङ्कन प्रक्रियालाई आधार बनाइएको छ । हरेक कक्षाका लागि विषयवस्तु, शिक्षण कार्यकलाप, शैक्षिक सामग्रीको निर्धारण हरेक भाषिक सीपलाई कति जोड दिने भनी स्पष्ट रूपमा अङ्क विभाजन गरिनुपर्दछ भनी निष्कर्ष दिइएको छ ।

दिलनाथ पुरी (२०५५) द्वारा "माध्यमिक र उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषापाठ्यक्रम २०३८ र ०४९/०५० को तुलनात्मक अध्ययन" शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, अङ्कभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ ।

मैयाँ खड्का (२०५९) द्वारा "माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०४८ र २०५५ को तुलनात्मक अध्ययन" शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययनमा निर्दिष्ट पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, पाठ्यभार, अङ्कभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ ।

नारदकुमार थापा (२०६२) द्वारा "माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन" नामक शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, पाठ्यपुस्तक, अङ्कभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ । नयाँ पाठ्यक्रममा कक्षागत उद्देश्य छुट्टाछुट्टै समावेश नगरिएको विधाको क्रम र स्पष्टीकरण उल्लेख नभएको, विधाको क्षेत्रगत अङ्कभारमा एकरूपता नभएको, शिक्षण सामग्री उल्लेख नभएको लगायतका कम्जोरी उल्लेख गरिएको छ ।

गीता खनाल (२०६२) ले "प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन" नामक शीर्षकमा शोधकार्य गरेकी छन् । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कनलाई आधार बनाई समानता र असमानता केलाइएको छ ।

निष्कर्षतः पूर्वकार्यको समीक्षा भन्नाले अनुसन्धानको लागि छानिएका विषयवस्तुका बारेमा अनुसन्धान गर्न विषयवस्तु नदोहोरिउन तर कसरी अनुसन्धान कार्यलाई योजनाबद्ध रूपमा अगाडि बढाउने भन्ने बारेमा सहयोग वा मार्गदर्श गर्ने एउटा कडी हो । यस भन्दा अगाडि दुईवटा माध्यमिक तहको नेपाली भाषापाठ्यक्रमका बीच अन्य शीर्षकमा तुलना भए पनि मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को बीच तुलनात्मक अध्ययन नभएकाले अन्य पाठ्यक्रमहरुका बीचमा भएका अध्ययन अनुसन्धानले यस शोधकार्यलाई सहयोग पुऱ्याएको सहजै अनुभूति गर्न सकिन्छ ।

## १.६ अध्ययनको औचित्य

भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । भाषा विचार विनिमयको पनि माध्यम हो । भाषिक क्षमताको विकासले मानिसको चौतर्फी विकासमा मद्दत पुग्ने हुँदा भाषा शिक्षणको आफ्नै महत्व छ । नेपाली भाषालाई कसैले पहिलो भाषाका रूपमा, कसैले दोस्रो भाषाको रूपमा र कसैले विदेशी भाषाका रूपमा सिक्ने हुनाले भाषापाठ्यक्रम निर्माणका क्रममा विद्यार्थीको तह, आवश्यकता, उमेर,

रूचि, वरिपरिको वातावरण एवम् अनुभवसँग सम्बन्धित विषयवस्तु र समयावधि जस्ता पक्षमा विचार गर्नुपर्ने हुन्छ । समय निरन्तर परिवर्तनशील भएकाले हिजोका कुरा र धारणा दिनानुदिन फेरिदै गएका छन् । यस्तो परिवर्तनले भाषिक सिकाई तथा पाठ्यक्रममा पनि प्रभाव पार्दछ । त्यसकारण एक पटक निर्माण गरिएको पाठ्यक्रम सधै उपयोगी हुँदैन । त्यसैले अन्य पाठ्यक्रम होस् वा भाषा पाठ्यक्रम सबैको परिवर्तन र परिमार्जन हुँदै अद्याबधिक हुनु आवश्यक छ । यसका लागि समय समयमा भाषा पाठ्यक्रमको अध्ययन, विश्लेषण गरिनु आवश्यक हुन्छ ।

यसै सन्दर्भमा वि.सं. २०२८ र वि.स. २०६४ को माध्यमिक भाषा पाठ्यक्रमको निर्माण के कसरी भएको छ ? के कस्ता विषयवस्तु कुन-कुन क्षेत्रबाट लिइएका छन् ? भाषिक सीप विकासलाई कसरी हेरिएको छ ? पाठ्यक्रम, भाषापाठ्यक्रम निर्माणका स्तम्भअनुरूप भएका छन् ? दुबै भाषापाठ्यक्रमका उद्देश्य, विषयवस्तुको छनोट र स्तरण, समय, अङ्कभार, शिक्षण विधि तगा मूल्याङन प्रक्रियाको कसरी संयोजन गरिएको छ ? जस्ता कुराको अध्ययन अनुसन्धान तर्फ अद्योपान्त अध्ययन नभएको हुनाले यस शीर्षकमा अनुसन्धान गर्नुलाई औचित्यपूर्ण ठानिएको छ । यस अध्ययनबाट नेपाली भाषाका विगत र वर्तमान पाठ्यक्रमहरूमा राम्रा र नराम्रा पक्षहरू पहिचान गरी भविष्यमा परिष्कृत र उत्कृष्ट भाषा पाठ्यक्रम निर्माण गर्न सघाउ पुऱ्याउनेछ भन्ने आशा लिइएको छ । यि विविध कोणबाट हेर्दा यस अध्ययनको महत्व आफै प्रष्ट भएको देखिन्छ ।

## १.७ अध्ययनको सीमाङ्कन

यो अध्ययन भाषा पाठ्यक्रमसँग सम्बन्धित भएता पनि माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययनसँग मात्र सीमित रहेको छ । तत्कालीन र श्री ५ को सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम** (२०२८) र **माध्यमिक तहको भाषा पाठ्यक्रम** (२०६४) को अध्ययनमा प्रस्तुत अध्ययन आधारित रहेको छ ।

भाषा पाठ्यक्रमका गर्दा उद्देश्य, विषयवस्तु, अङ्कभार, पाठ्यभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङकन प्रक्रियासम्म मात्र सीमित गरिएको छ । यो अध्ययन मूलतः सामग्री संकलन, संकलित सामग्रीको रुजु, पठन, वर्गीकरण र तालिकीकरणको माध्यमबाट गरिएको विश्लेषणको निष्कर्षमा आधारित छ ।

## १.८ अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई प्रभावकारी ढङ्गले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुऱ्याउनको निम्ति खास-खास किसिमको विधिहरूको अवलम्बन गर्नु पर्ने हुन्छ । शोध अध्ययन मूलतः पुस्तकालय विधिमा केन्द्रित गरिएको छ । त्यस अतिरिक्त शोध निर्देशन तथा सम्बद्ध विषयका विषयविद्ध तथा विद्धानहरू द्धारा प्राप्त निर्देशनलाई पनि आधार मानिएको छ । तुलनीय पाठ्यक्रमको तुना एवम् विश्लेषणका लागि पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित माध्यमिक नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को प्रयाप्त अध्ययन गरी सैद्धान्तिक आधार तयार गरिएको छ । तिनै आधारमा तुलनीय पाठ्यक्रमका बीच पाठ्यक्रमका आधारभूत पक्ष उद्देश्य, विषयवस्तु, एवम् विधाको क्षेत्र र क्रम शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको तुलना गर्नुका साथै विश्लेषण गरिएको छ । तुलना एवम् विश्लेषणका आधारमा यी दुई पाठ्यक्रमका बीचमा रहेका समानता/असमानता, सबल र दुर्बल पक्षहरूको समेत चर्चा गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत् शोधपत्र तयार पार्ने क्रममा आवश्यक तथ्यहरू मुख्यतः पुस्तकालय पद्धतिका माध्यमबाट सङ्कलन गरिएको छ । यसका अतिरिक्त सम्भव भएका विद्यालयका सम्बन्धित विषय शिक्षक एवम् विषयविद् सँगको छलफल द्धारा समेत सामग्री सङ्कलनको आधार मानिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्न लिखित रूपरेखामा सङ्गठित गरिएको छ ।
परिच्छेद एक – शोध परिचय
परिच्छेद दुई – सैद्धान्तिक अवधारणा
परिच्छेद तीन – नेपाली भाषा पाठ्यक्रम परम्पराको संक्षिप्त अध्ययन
परिच्छेद चार – भाषापाठ्यक्रमको तुलनात्मक अध्ययन
परिच्छेद पाँच – सारांश र निष्कर्ष तथा सुझाव
सन्दर्भसामग्री सूची
परिशिष्ट
व्यक्तिवृत्त

# परिच्छेद – दुई
# भाषा पाठ्यक्रमको सैद्धान्तिक अवधारणा

## २.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो सङ्गठित ढाँचा हो । जसमा विद्यालय भित्र र विद्यालय बाहिरका समेत क्रियाकलाप समावेश भएको हुन्छ । विद्यार्थी, शिक्षक र समाजका इच्छा, चाहना समावेश भएका हुन्छन् । पाठ्यक्रमभित्र सामाजिक र राष्ट्रिय आवश्यकता पूरा गर्न शिक्षक र विद्यार्थीद्वारा विद्यालयमा गरिने सम्पूर्ण कार्यहरूलाई समावेश गरिएको हुन्छ । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, उद्देश्य पूरा गर्ने पाठ्यक्रम, पाठ्यांश मिल्दो अध्यापन विधि, शैक्षिक क्रियाकलाप, शैक्षिक सामग्री, मूल्याङ्कन विधिहरू समेत विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ ।

परम्परागत रूपमा विद्यार्थीहरूले कक्षाकोठा भित्र सिक्ने विषयको स्वरूपलाई पाठ्यक्रम भनी बुझ्ने गरिन्थ्यो तर आजभोलि पाठ्यक्रमलाई बालबालिकाको चौतर्फी विकासको माध्यमका रूपमा लिइन्छ, जसले विद्यालयको सम्पूर्ण जीवन र कार्यक्रमलाई जनाउँछ । यसमा सर्वप्रथम सिकारुको पहिचान र उमेरको अध्ययन गरी उनीहरूका सिकाइ आववश्यकताको निर्क्यौल गरिन्छ । उनीहरूको सिकाइ पृष्ठभूमि, स्तर, तह, समयावधि सिकाइप्रवृत्ति अनुसार आवश्यकता पूरा गरी शिक्षण उद्देश्यहरूको किटान गरी तिनीहरूलाई सुनिश्चित शिक्षणका रूपमा ढालेर पाठ्यक्रममा प्रस्तुत गरिएको हुन्छ । यसका अतिरिक्त पाठ्यक्रममा के कस्ता शिक्षणीय सामग्री तथा पूरक सामग्रीहरूको उपयोग गर्ने भन्ने कुराको पनि समुचित निर्देशन दिइएको हुन्छ । विद्यार्थीमा के कस्ता व्यवहारिक परिवर्तनहरू आउन सके र सकेनन् भन्ने कुराको जानकारी लिन र लेखाजोखा गरी राख्न तथा शिक्षणीय पूनरावलोकन गर्नका लागी आवश्यक मूल्याङ्कन प्रक्रियाको यथोचित निर्देशन गरिएको हुन्छ । समष्टिगत रूपमा भन्दा कुनै पनि शैषिक कार्यक्रमलाई सङ्गठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न तयार पारिएको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमलाई विभिन्न विद्धान् तथा शिक्षाविद्हरूले विभिन्न ढङ्गले परिभाषित गरेका छन् । जसमध्ये केही परिभाषाहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ –

भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालद्वारा लिखित 'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, तथा शिक्षण पद्धति' नाम पुस्तक (२०६८) को पृष्ठ २ मा सेलर र एलेक्जेण्डर का अनुसार – विद्यालय भित्र वा बाहिरको परिवेशमा अपेक्षित उद्देश्य प्राप्ति गर्न गरिने यावत् प्रयासहरूलाई पाठ्यक्रम भनिन्छ । चिरञ्जीवी शर्माद्वारा लिखित 'पाठ्यक्रम र मूल्याङ्कन नामक पाठ्यपुस्तक (२०५८) को पृष्ठ ४ मा हिल्डा टावा का अनुसार – विद्यालय भित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धीहरू प्राप्त गराउन विद्यार्थीद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भन्दछन् । त्यस्तै, शर्माद्वारा लिखित सही पुस्तकको सही पृष्ठमा फ्रोबेल का अनुसार – मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको उच्चतम् विन्दु नै पाठ्यक्रम हो । त्यस्तै शान्तिप्रसाद ढकालद्वारा लिखित नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति नामक पुस्तक (२०६७) को पृष्ठ ४ मा यू.एन.ई.एस.सी.ओ का अनुसार – शिक्षाका लक्ष्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकहरूद्धारा विद्यार्थीका लागि तयार पारेका योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भनिन्छ । त्यस्तै भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालद्वारा लिखित नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति नामक पाठ्यपुस्तक (२०६८) को पृष्ठ ३ मा इन्साइनलोपेडिया अफ एजुकेशन का अनुसार – पाठ्यक्रमले निश्चित लक्ष्यलाई समेट्दछ । यो विभिन्न राष्ट्रिय उद्देश्यहरूलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीहरूको अनुभवलाई आधार मानी तयार पारिएको हुन्छ । यसमा विद्यालय भित्र र बाहिरका सम्पूर्ण कार्यकलापहरूलाई लिएर तिनका अनुभवहरू सँगाली निर्देशन तयार गरिएको हुन्छ । त्यस्तै ढुङ्गेल र दाहालद्वारा लिखित नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति नामक पुस्तक (२०६८) को पृष्ठ २ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) अनुसार – पाठ्यक्रम शिक्षाका उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो ।

यी विभिन्न परिभाषाका आधारमा पाठ्यक्रमलाई शैक्षिक लक्ष्य सम्म पुग्नका निम्ति उद्देश्य, सामग्री, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका योजना समाविष्ट भएको र बालबालिकाका लागि सञ्चालन गरिने शिक्षण सिकाइ कार्यको योजना हो भन्न सकिन्छ ।

## २.२ भाषा पाठ्यक्रमको परिचय

भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) हरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले सिकारूको बोध - विषयवस्तुजन्य ज्ञान (

सुनेर र पढेर बुझ्ने क्षमता) र अभिव्यक्ति (देखेर, जानेर, बुझेर, सुनेर, बुझेका कुरा बोलेर र लेखेर प्रकट गर्ने क्षमता) को विकासका निम्ति गर्नुपर्ने सम्पूर्ण क्रियाकलापललाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्दछ । भाषा पाठ्यक्रमले भाषिक सीप हासिल गर्ने कुरालाई विशेष महत्व दिन्छ ।

ढुङ्गेल र दाहाल (२०६१:४) 'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्वति' नामक पाठ्यपुस्तकमा उल्लेख भए अनुसार समाजमा घटित हुने सम्पूर्ण ज्ञान विज्ञान तथा क्रियाकलापहरू भाषामा आधारित हुने भएकाले भाषाका माध्यमबाट व्यक्तिगत समस्या एवम् सामाजिक समस्या समाधान गरिन्छ । मानव जीवनमा भाषाको आवश्यकता अथवा उपयोगिता मोटामोटी निम्न क्षेत्रमा आधारित पाइन्छ –

क) दैनिक जीवनयापनका निम्ति विचार विनिमय गर्न

ख) विभिन्न पेशा सञ्चालन गर्न र सामाजिक भूमिका निर्वाह गर्न

ग) ज्ञानविज्ञानका विविध क्षेत्रहरूको जानकारी हासिल गर्न

घ) विभिन्न विषयहरूको शिक्षण क्रियाकलापका माध्यमका रूपमा र

ङ) साहित्य तथा सिर्जनात्मक बोध र अभिव्यक्ति गर्न

यी विविध क्षेत्रमा उपयोगी हुने भाषामा दक्षता, विकास गर्न सम्बन्धित भाषाको मानक रूप र शिष्ट रूपको सिकार्यका साथै उक्त भाषाका आधारभूत सीप र कलामा निपूर्णता प्राप्त गराउनेहरूको भाषा पाठ्यक्रमले राख्दछ । भाषा पाठ्यक्रम निर्माण सम्बन्धित भाषा सिकेर जीवनका विविध आवश्यकता, सामाजिक आवश्यकता तथा राष्ट्रिय आवश्यकताको परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य र सम्पादन गर्न सकोस भन्ने मान्यताका आधारमा गरिन्छ ।

कुनै पनि भाषा योजनाबद्ध रूपमा सिक्दा प्रभावकारी हुने भएकाले भाषा सिकार्यका निम्ति कार्यक्रमको आवश्यकता पर्दछ । तसर्थ भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रमअन्तर्गत पर्दछ ।

यसरी भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो जुन भाषाको सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता आधारभूत सीप र कलासँग सम्बद्ध भाषिक कार्यकलापमा आधारित रही तयार गरिएको हुन्छ ।

जहाँ साधन पनि भाषा र साध्य वस्तु पनि भाषा नै रहेको हुन्छ । यसले विषयवस्तु जन्य ज्ञानलाई साधनका रूपमा र त्यस साधनद्वारा भाषिक सीप प्राप्त गराउने कुरालाई मुख्य मुद्दा बनाउँदछ ।

## २.३ भाषापाठ्यक्रमका प्रमुख सतम्भहरू वा आधारहरू

भाषा पाठ्यक्रम भाषा सिकाइ सम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । यसको अभावमा शिक्षण अव्यवस्थित र श्रृङ्खलाहीन बन्न पुग्दछ । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको कम गर्दछ । यस्तो उद्देश्य बोकेको भाषा पाठ्यक्रम के कसरी निर्माण गर्दा उपेक्षित उद्देश्यहरू पूरा गरी निश्चित लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनु पर्दछ । फेरि पाठ्यक्रमले विद्यार्थीहरूमा ज्ञान, सीप र धारणाको विकास गर्न सहयोग पुऱ्याउनु पर्दछ । यसका लागि भाषा पाठ्यक्रम निर्माण गर्दा भाषा सिकाइ सिद्धान्त विद्यार्थीको आवश्यकता र रुचिका साथसाथै भाषा पाठ्यक्रम निर्माणका अङ्ग वा स्तम्भहरूको सङ्गठित प्रस्तुतिक्रम आदि जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्दछ । यसरी भाषा पाठ्यक्रम निर्माण गर्दा यसका मुख्य आधार स्तम्भहरूमा आधारित भएर क्रमबद्ध रूपमा गरिनु पर्दछ । यस रूपमा भाषा पाठ्यक्रमका प्रमुख अङ्गका रूपमा विभिन्न व्यक्तिहरूले उल्लेख गरेका भाषा पाठ्यक्रमका प्रमुख अङ्गहरू दृष्टिगत गरी निष्कर्षतः भाषा पाठ्यक्रममा रहनुपर्ने प्रमुख अङ्गहरूको संक्षिप्त परिचय यस शीर्षकमा दिइएको छ ।

### २.३.१ आवश्यकताको विश्लेषण

पाठ्यक्रमले विद्यार्थीका र समाजका आवश्यकतालाई समेट्नु पर्दछ । विद्यार्थी जुन समाजमा रहन्छ त्यो समाजका आवश्यकताहरूको पहिचान, विश्लेषण तथा निदान नगरी पाठ्यक्रमको निर्माताको कुनै पनि विषयको पाठ्यक्रम निर्माण गरेमा निर्मित उक्त पाठ्यक्रम सैद्धान्तिक रूपमा मात्र सिमित भई व्यवहारिक रूपमा कार्यान्वयन हुन सक्दैन । भाषा पाठ्यक्रम निर्माण गर्दा आवश्यकताको पहिचान गरेर विद्यार्थी र समाजको आवश्यकताको उपयुक्त निदान गर्न सकिने खालको उद्देश्यहरू छनौट गर्नुपर्दछ । भाषा पाठ्यक्रमका सम्बन्धमा आवश्यकताअन्तर्गत लक्षित समूहको भाषा सिक्ने कारण पर्दछ । विद्यार्थीको भाषा सिक्ने निक्यौल गरी भाषा सिक्ने कारण पत्ता लगाई त्यसका आधारमा भाषापाठ्यक्रमको निर्माण गरिनुपर्दछ ।

### २.३.२ उद्देश्यको निर्धारण

आवश्यकताको पहिचान र विश्लेषण गरेपछि दोस्रो चरणमा उद्देश्य निर्धारण गर्नुपर्दछ । उद्देश्य निर्धारण गर्दा लक्षित समुहका भाषिक आवश्यकता, पृष्ठभूमि, स्तर, योग्यता, रुचि र सिकाइ

प्रवृत्तिहरूलाई विचार गर्नु पर्दछ । यसका साथै भाषिक सीपहरूको प्रवर्द्धनमा सहायक हुने खालका भाषिक विषयवस्तु, पाठ्यसामग्री, पुरक सामग्री, शिक्षण विधि प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई सुस्पष्ट मार्ग निर्देशन गर्न सक्ने गरी भाषिक उद्देश्यहरू निर्धारण गर्नुपर्दछ । उद्देश्य निर्धारण गर्दा महत्वकाङ्क्षी नभई स्पष्ट, परीक्षणयोग्य, मापनयोग्य, दोहोरो अर्थ नलाग्ने र व्यवहारिक उद्देश्यमा जोड दिनु पर्दछ । भाषापाठ्यक्रममा भाषिक सीपहरूको अन्तरसम्बन्धित शिक्षण गरिनु उपयुक्त हुने हुनाले त्यसै अनुकूल उद्देश्यहरूको छनौट गरिनुपर्दछ ।

### २.३.२ पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम

भाषिक आवश्यकताको पहिचान गरेर त्यसैका आधारमा निर्धारित लक्ष्यहरूको व्यवहारिक कार्यान्वयन उचित पाठ्यवस्तुको निर्धारण हुन्छ । त्यसकारण पाठ्यवस्तुको निर्धारण गर्दा माथिका आवश्यकताको विश्लेषण पश्चात तय गरिएको उद्देश्य अनुरूप हुने गरी गर्नु पर्दछ । यस रूपमा पाठ्यसमय, सीमा, तह, कक्षा, स्तर, उमेर, रुचि आदिका साथै भाषापाठ्यक्रमको प्रवृत्तिलाई ध्यान दिनु पर्दछ । साथै भाषा पाठ्यक्रममा विषयवस्तुको छनौट गर्दा विषयवस्तुलाई भाषिक सीप विकासका लागि विभिन्न विधा र उपविधामा वर्गीकरण गरी अभ्यास गराउन सकिने बनाउनुपर्दछ । यसरी छनौट गरिएका सामग्रीलाई उपयुक्त एवम् व्यवस्थित शिक्षण क्रममा समावेश गरिएको हुनुपर्दछ । विषयवस्तु सिकार्यको मनोवैज्ञानिक र व्यवस्थित अनुरूपमा सामान्यतः क्रमश सरल देखि जटिल, ज्ञातबाट, अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष, विशेषबाट सामान्य क्रममा राख्नुपर्दछ । भाषापाठ्यक्रमको पाठ्यवस्तु भाषा सिकाउने प्रयोजनका लागि हुने भएकाले यसमा विषयवस्तुको बोझ हुनुहुँदैन ।

### २.३.४ शिक्षण प्रक्रिया

शिक्षण प्रक्रिया भनेको तोकिएको विषयवस्तु र पाठ्यवस्तुलाई उद्देश्य अनुरूपका उपलब्धि प्राप्त गराउने विधि प्रविधि र त्यसै अनुरूपका शिक्षण सामग्रीहरूको उपयोग र उपदेयता सम्बन्धी कार्यकलाप हो । कुनै पनि पाठ्यक्रमको निर्माण वा विकास गर्दा विषयवस्तुको प्रकृति तथा उद्देश्यहरूको छनौट भएपछि गरिएको पाठ्यवस्तु चयनलाई विद्यार्थी प्रभावक तत्वहरू, सिकाइ स्थानान्तरण प्रक्रिया तथा बालविकासका आधारभूत सिद्धान्त सापेक्ष बनाउनका निमित्त शैक्षिक प्रक्रियाको महत्वपूर्ण हात हुन्छ । भाषा पाठ्यक्रम सीपसँग सम्बद्ध पाठ्यक्रम भएकाले यसमा सुनाइ,

बोलाइ, पढाइ र लेखाइ, सीप विकासका निमित्त सञ्चालन गरिने विधिहरू शिक्षण प्रक्रियामा निश्चित गरिनु पर्दछ । शैक्षिक प्रक्रिया मूलतः विद्यार्थी केन्द्रित हुनु पर्दछ । विद्यार्थीको रुचि जगाउने खेल विधि, अभिनय विधि, तल्ला कक्षाहरूमा र माथिल्ला कक्षाहरूमा व्याख्यान विधिको प्रयोग गर्नु पर्दछ । पाठ्यवस्तु र विधामा गरिने क्रियाकलाप, त्यसको क्रम, शिक्षकको भूमिका र विद्यार्थीको उपस्थिति र शिक्षण प्रक्रिया पनि स्पष्ट गरिनु पर्दछ ।

**ङ) मूल्याङन प्रक्रिया**

पाठ्यवस्तुमा समेटिएका विभिन्न विषयवस्तुहरू, उद्देश्य तथा शिक्षण प्रक्रियाहरू समाजको आवश्यकतामा आधारित विद्यार्थी केन्द्रित तथा समयसापेक्ष छ छैन भन्ने कुराको निर्णय गर्ने महत्वपूर्ण आधार मूल्याङ्कन हो । मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारका हुन्छन् । भाषा पाठ्यक्रमले सीपमूलक वा कलापरक हरेक पक्षको सान्र्दभिक मूल्याङ्कन विधिबारे स्पष्ट पार्नुपर्दछ । त्यसै गरी भाषिक उद्देश्य र अपेक्षाहरू प्रभावकारी ढङ्गले प्राप्त गर्न मूल्याङ्कन प्रक्रियामा विविधता र उपयुक्त निर्देशन दिनुपर्दछ । पाठ्यक्रम विकास गर्दा मूल्याङ्कन प्रक्रिया, पाठ्यक्रम सुधार तथा स्तर, तह, उमेर, क्षमता, वातावरण, आवश्यकता र उपयुक्तता अपरिहार्य मानिन्छ । भाषा पाठ्यक्रमका सन्दर्भमा मूल्याङन प्रक्रियाको कुनै पनि तहमा राखिएको विषयवस्तु विद्यार्थी सापेक्ष छ छैन भन्ने बारे जानकारी गराउँदै त्यसलाई विद्यार्थीमूलक बनाउन उपयोगी भूमिका खेल्दछ ।

## २.४ भाषा पाठ्यक्रमको महत्व र उपयोगिता

भाषाको शिक्षण भनेको कला र सीपसम्बद्ध अभ्यासात्मक विषय हो तर अन्य विषयहरू सीपमूलक नभएर बढी ज्ञानमूलक हुन्छन् । सीप विकासका दृष्टिले भाषापाठ्यक्रमको बेग्लै महत्त्व रहेको हुन्छ । यस भाषापाठ्यक्रमको महत्त्व र उपयोगीतालाई निम्न लिखित बुँदामा उल्लेख गर्न सकिन्छ –

१) विद्यार्थीले भाषा कुन प्रयोजनको लागि सिक्दैछु त्यसै क्षेत्रमा प्रयत्न र उपयोगी हुने भाषिक ज्ञान प्रदान गर्न सङ्गठित र योजनाबद्ध कार्यक्रम प्रस्तुत गरी सिकाइ सन्दर्भमा भाषा पाठ्यक्रम महत्त्वपूर्ण हुन्छ ।

२) भाषिक लक्ष्य पूरा गर्न शिक्षकले र विद्यार्थीले गर्नुपर्ने विभिन्न क्रियाकलापहरूको ज्ञान हासिल गर्न भाषा पाठ्यक्रम उपयोगी हुन्छ ।

३) भाषिक सीप आर्जन गर्न उपयोगी हुने विभिन्न शिक्षण सामग्री, मूल्याङ्कन प्रक्रियाका विषयमा जानकारी हासिल गर्न भाषापाठ्यक्रम उपयोगी हुन्छ ।
४) शिक्षकलाई भाषिक सीप शिक्षण गर्नका लागि योजना बनाउन र विद्यार्थीको भाषिक सीप शिक्षणका विषयवस्तु सिक्न आवश्यक पाठ्यवस्तु र सन्दर्भ सामग्रीको जानकारी हासिल गर्न भाषा पाठ्यक्रम आवश्यक हुन्छ ।
५) भाषा पाठ्यक्रम पाठ्यपुस्तक लेखक, भाषिक सीप मूल्याङ्कन कर्ताका निमित्त आधारभूत सामग्री हो । भाषापाठ्यक्रममा आधारित भई भाषापाठ्य पुस्तक लेखक र मूल्याङ्कन कर्ता आफ्नो कार्य सम्पन्न गर्दछन् ।

नेपालको शैक्षिक गतिविधिले संस्थागत स्वरूप ग्रहण गर्नुपूर्व पाठ्यक्रमलाई कक्षाकोठा भित्र सिक्ने विषयको रूपमा सिमित गरिएको थियो तर समयको माग एवम् परिवर्तनसँगै आएर पाठ्यक्रमको परिभाषामा व्यापक परिवर्तन आएको छ । विभिन्न समयमा विभिन्न विद्धानहरूले फरक-फरक किसिमले यसलाई चिनाउँदै आएका छन् । सामान्यत पाठ्यक्रम भन्नाले शैक्षिक लक्ष्य प्राप्तिका लागि उद्देश्य, विषयवस्तु शिक्षण सामग्री, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन विधि समाविष्ट भएको शिक्षण सिकाइ कार्यको योजना भन्ने बुझिन्छ । त्यसै गरी भाषा पाठ्यक्रम भन्नाले भाषिक सीप, सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप प्राप्तिका लागि तय गरिएको योजनाबद्ध कार्यक्रम हो । यसको निर्माणका रूपमा सर्वप्रथम आवश्यकताको पहिचान र विश्लेषण गरिन्छ । विश्लेषित आवश्यकताका आधारमा उद्देश्य पूरा गर्नका लागि विषवस्तुको चयन गरी विविध विधाका रूपमा प्रस्तुत गरिन्छ । विधा अनुसारका उपयुक्त शिक्षण सामग्री तथा कार्यकलाप निर्देश गर्दै उद्देश्य प्राप्ति भयो वा भएन भन्ने जानकारी लिनका लागि मूल्याङ्कन प्रक्रिया समाविष्ट गरिन्छ । यसरी भाषा पाठ्यक्रमका प्रमुख अङ्कका रूपमा उद्देश्य, विषयवस्तु तथा विधाको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया रहेका हुन्छन् भने अन्य विषयका पाठ्यक्रमका पनि यीनै अङ्गहरू नै प्रमुख रूपमा रहेका हुन्छन् । भाषा पाठ्यक्रममा हरेक अङ्गहरू वैयक्तिक ज्ञानभन्दा पनि भाषिक सीप सम्बद्ध हुन्छन् भने अन्य विषयका पाठ्यक्रममा यी अङ्गहरू सम्बन्धित विषको वैयक्तिक ज्ञान पक्षसँग सम्बन्धित हुन्छन् । भाषापाठ्यक्रममा भाषा नै साध्य एवम् साधन रहेको हुन्छ भने अन्य विषयका पाठ्यक्रममा भाषा साधन र वैयक्तिक ज्ञान साध्य रहेको हुन्छ । त्यसै गरी अन्य विषयका पाठ्यक्रममा भाषा साधन । वैयक्तिक ज्ञान साध्य रहेको हुन्छ । त्यसैगरी अन्य विषयका पाठ्यक्रममा विषयगत एकोन्मुखता पाइन्छ भने भाषा पाठ्यक्रममा विद्यागत विविधता हुन्छ । यस आधारमा अन्य विषयको पाठ्यक्रम भन्दा भाषा पाठ्यक्रम पृथक रहेको हुन्छ ।

## परिच्छेद - तीन

# नेपाली भाषापाठ्यक्रम परम्पराको संक्षिप्त अध्ययन

### ३.१ नेपाली भाषापाठ्यक्रमको ऐतिहासिक परम्परा

नेपाली भाषाले राष्ट्रभाषाको रूपमा मान्यता प्राप्त गरेको छ । यो भाषाको लिखित रूप एघारौं शताब्दीबाट शुरू भएको हो र सोह्रौ शताब्दीसम्म यो भाषा अभिलेखको रूपमा मात्र रहेको पाइन्छ । पृथ्वीनारायण शाहको पालामा नेपाली भाषाले एकमात्र राजकीय भाषाको रूपमा मान्यता प्राप्त गरेको थियो । नेपालको एकिकरणसँगै यो भाषाले पनि जनताको साझा र सम्पर्क भाषा हुने अवसर पायो ।

### ३.१.१ भाषा पाठशालाको स्थापना - १९५८

नेपाली भाषालाई (विषयलाई) विधालयमा पढाइने कार्यको थालनी राणा प्रधानमन्त्री देवशमशेरको शासन कालबाट मात्रै प्रारम्भ भएको हो । यसभन्दा अघि नेपालमा संस्कृत शिक्षा जल्दोबल्दो र अंग्रेजी शिक्षा मौलाउन लागिरहेको अवस्थामा थियो । यसै परिस्थिति बीच देवशमशेरले वि.स. १९५८ मा भाषा पाठशाला खोले । उनलाई प्रेरणा र साथ दिने बझाङ्गी राजा जय पृथ्वीबहादुर सिंहले भारतमा अंग्रेजी शिक्षा पद्धतिले शिक्षामा पारेको प्रभावलाई नजिकबाट नियाल्ने मौका पाएका थिए । त्यसैले उनले नेपालमा नेपाली भाषाकै माध्यमबाट शिक्षा दिई देशभक्तिको भावना विकास गराउने ध्येयले नेपाली भाषालाई जोड लिए । देवशमशेरले यी कुराहरूलाई स्वीकारी जनताको चाहाना, राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखी शिक्षा दिने योजना बनाए । उनले आफ्नो शासनकालमा देशको शिक्षा व्यवस्थामा समसामयिक सुधार, शिक्षालाई सर्वशुलभ, नेपाली भाषाको ज्ञान र विकासको निम्ति यसलाई शिक्षणीय विषय र माध्यमका रूपमा भित्र्याए । उनको शासनकालमा खुलेका पाठशालाहरूमा नेपाली भाषालाई प्राथमिकता दिई नेपाली भाषाका माध्यमबाट पढाइ शुरू भएको हुँदा ती पाठशालाहरूको नाम भाषा पाठशाला रहेको छ । (शर्मा, २०३४:७७) भाषा पाठशालाहरूमा पढाउनको निम्ति लेखिएको पुस्तक "अक्षराङ्क शिक्षा" हो । यो राजा जय पृथ्वीबहादुर सिंहद्वारा लेखिएको पुस्तक हो भने नेपाली भाषामा लेखिएको प्रथम पुस्तक पनि यही नै हो । यसरी सरकार तर्फबाट देव शमशेरले गरेको साहासिक कार्यले नै नेपाली भाषाले नेपालको

शैक्षिक इतिहासमा अनौपचारिक रूपले शिक्षण संस्थामा पहिलो पल्ट प्रवेश पाएको हो । यसै कारणले भाषपाठशाला नै नेपाली भाषाको प्राथमिक स्तरको पठनपाठन र संस्थागत शैक्षिक विकासको कोशी ढुङ्गा सावित भएको छ । जसका कारणले नेपाली भाषाको विकास, प्रचारप्रसार हुनुका साथै आम नेपालीमा यसको महत्त्व र आवश्यकता बोध भएको कुरा स्वतः बुझ्न सकिन्छ ।

नेपालको शैक्षिक परम्पराको इतिहासलाई केलाउँदा संस्कृत शिक्षा र बौद्ध शिक्षाको प्रचलनमा रहेको पाइन्छ । हिन्दु समाजमा संस्कृत शिक्षा निकै लामो समयसम्म प्रचलन रह्यो । यसैको परिणाम देशका विभिन्न भागमा संस्कृत पाठशाला स्थापना भएका हुन् ।

### ३.१.२ स्रेस्ता पाठशाला र जाँच पास अड्डा - १९६७

चन्द्रशमशेरको शासनकालमा सरकारी कार्यालयहरूमा साधारण हरहिसाब तथा लेखापढी गर्ने कर्मचारी पूर्ति तथा प्रशिक्षणको उद्देश्य लिएर खोलिएका स्रेस्ता पाठशाला १९६३ मा पनि शैक्षिक माध्यमका रूपमा नेपाली भाषालाई उपयोग गरेको पाइन्छ । यसबाट पनि नेपाली भाषाको प्रयोग तथा विस्तारमा महत्त्वपूर्ण टेवा पुगेको पाइन्छ । स्रस्ता पाठशालाका प्रशिक्षार्थी तथा प्राइवेट जाँच दिन चाहानेहरूको सुविधाको लागि वि.स. १९६७ मा जाँच पास अड्डा खोलिएको थियो । स्रेस्ता पाठशाला र जाँचपास अड्डामा पास व्यवस्थाको तह निर्धारण गरिएको थियो । नेपाली लेखन र गणित पास गर्नु २ पास नेपाली स्रेस्ता र नेपाली ऐन पास गरेमा ४ पास, नेपाली साहित्य र भूगोल पास गरेमा ६ पास मानिन्थ्यो । त्यतिबेला ११ पाससम्मको व्यवस्था थियो । ६ पास गर्नुलाई निजामति प्रथममा र ११ पासलाई निजामति मध्यमा मानिन्थ्यो । (अधिकारी २०५९:४) यसपछि वि.स. १९९३ सालमा २२ सदस्यीय शिक्षा समिति गठन भयो र १९९४ सालमा स्रेस्ता पाठशालाको नियमावलीका साथै प्राथमिक स्कुलको पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षाका लागि प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन विधि, केन्द्राध्यक्षको कर्तव्य तथा उत्तरदायित्व र उत्तर पुस्तिका परीक्षण गर्ने तरिका समेत उल्लेख गरिएको थियो ।

यसै क्रममा वि.स. १९९४ मै स्रेस्ता पाठशाला र जाँचपास अड्डाको निजामति परीक्षाका लागि नेपाली भाषा पाठ्यक्रममा सुधार गरियो । सुधारिएको पाठ्यक्रम अनुसार “क” र “ख” २ समूहमा

विभाजन गरी "क" समूहअन्तर्गत श्रुतिलेख र नेपाली स्रेस्ता अनि "ख" समूहअन्तर्गत नेपाली साहित्य तथा व्याकरण विषयमा राखिएको थियो । (पौडेल, २०५२:४३)

### ३.१.३ आधार शिक्षा - २००४

आधार शिक्षा वि.स. २००४ सालमा स्थापित भएर विधालय शिक्षाको माध्यम विदेशी भाषा नभएर राष्ट्रभाषा वा मातृभाषा हुनुपर्दछ भन्दै नेपाली भाषालाई पठनपाठनको माध्यम बनाउने कुरामा जोड दिइयो । यसलाई पनि नेपाली भाषा पाठ्यक्रमको विकास तथा विस्तारमा महत्त्वपूर्ण प्रयास मानिन्छ ।

### ३.१.४ नेपाल राष्ट्रिय शिक्षा योजना आयोग – २०११

१०४ वर्षे राणा शासनको अन्त्य भई प्रजातन्त्रको अद्यूदय भएपछि शिक्षामा रहेका कठिनाईहरूलाई निराकरण गर्न, ठोस् नीतिगत सुझाव दिन, राष्ट्रिय शिक्षाको लक्ष्य र उद्देश्यलाई नेपाली राष्ट्रिय शिक्षा योजना आयोग २०११ को स्थापना भएको हो । यस आयोगले नेपाली भाषा पाठ्यक्रमका सन्दर्भमा पनि सुझाव प्रदान गरेको छ । यस प्रतिवेदनले नेपाली भाषा पाठ्यक्रमका बारेमा उल्लेख गरेका कुराहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ ।

- नेपाली भाषा लेखापढीको मुख्य माध्यम हो ।
- नेपाली भाषालाई राष्ट्रभाषा र माध्यम भाषाका रूपमा सिकाउनु पर्दछ ।
- नेपाली भाषाभाषिक दक्षता र कुशलतामा जोड दिई सिकाउनु पर्दछ ।
- नेपाली भाषाको शिक्षाले ध्यानपूर्वक सुन्नु, धारावाहिक तर प्रसङ्गानुकुल र छोटकरिमा बोल्नु, बुझेर छिटो पढ्नु र ओजस्वी भाषामा भाव व्यक्त गर्ने गरी लेख्नु जस्ता मुख्य ४ सिद्धान्तमा सिपालु गराउनु पर्दछ ।
- आफ्नो भाषा साहित्य पुर्खौली सम्पत्तिको कदर गर्न, आनन्दलिन र विकास गर्न पढिनु पर्दछ ।
- नेपाली भाषा, सोचाइ, बोलचाल र लेखापढीको माध्यम भएकाले यसमा उच्च स्तरको क्षमता हासिल गराउने दृष्टिकोण राखेर सिकाइ गर्नुपर्दछ ।
- नेपाली भाषा किन, के र कसरी सिकाउनु पर्छ भन्ने कुरा निर्देशिकाका रूपमा समेत देखाउनु पर्दछ ।

◆ जति गरेपनि नछुट्ने मूल शब्द शुद्ध गर्नलाई व्याकरणको रचना अध्ययन गराउनु पर्दछ ।

### ३.१.५ सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति – २०१८

बहुदलीय व्यवस्थाको अन्त्य गरी २०१७ सालमा दल विहीन पञ्चायती व्यवस्था लागु गरिएपछि पञ्चायती व्यवस्था अनुकूलको शिक्षा प्रणाली लागु गर्ने ध्येयले वि.स. २०१८ बैशाख २५ गते श्री ५ महेन्द्रबाट तत्कालीन शिक्षा मन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । यो समितिले ने.रा.शि. योजना आयोग २०११ को शिफारिसलाई नै सामान्य सुधार र थपघट गरी कार्यान्वयन गर्ने पक्षमा जोड दिइएको थियो । प्रस्तुत प्रतिवेदनमा शिक्षा व्यवस्थाको सुधार गर्नको लागि प्रा.वि. र मा.वि. दुबै तहको पाठ्यक्रममा संशोधन एवम् परिमार्जन गरी नयाँ रूप दिने काम भए पनि नेपाली भाषा पाठ्यक्रम सम्बन्धी दुईवटा सुझाव मात्र नयाँ देखिन्छन् । ( पौडेल, २०५२:४५)

१) सबै प्राथमिक विधालयहरूमा अरू भाषा पढाउँदा बाहेक हरेक विषयमा शिक्षाको माध्यम नेपाली भाषा नै हुनुपर्दछ ।

२) प्राथमिक विधालय तहको भाषिक उद्देश्यहरूको निर्धारण गर्नु ।

### ३.१.६ राष्ट्रिय शिक्षा पद्धतिको योजना – २०२८

शिक्षाको इतिहासमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ क्रान्तिकारी कदम हो । यसले विधालय र विश्वविधालयीय संरचनामा आमूल परिवर्तन गऱ्यो । यस योजनाले प्रत्येक तहका लागि अलत-अलग पाठ्यक्रम निर्माण गऱ्यो । यस योजना अनुसार निर्माण भएका तहगत पाठ्यक्रममा राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, साधारण र विशिष्ट उद्देश्य, कक्षागत उद्देश्य, विधाको क्षेत्र र क्रम र त्यसको स्पष्टीकरण, भाषातत्व (व्याकरण) पाठ्यविषयको अङ्क विभाजन र समय विभाजन र प्रत्येक कक्षाका विषयवस्तुको छनौट व्यापक रूपमा प्रस्तुत गरेको छ । यस्ता पक्षहरूको आधारमा विश्लेषण गर्दा यो पाठ्यक्रम निकै वैज्ञानिक सावित हुन्छ । बुँदागत रूपमा नेपाली भाषापाठ्यक्रम सम्बन्धी रा.शि.प.यो.का प्रमुख विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- तहगत, साधारण, विशेष र कक्षागत उद्देश्यहरूको निर्धारण
- क्षेत्र र क्रमको निर्धारण
- कुशलता क्रमको निर्धारण
- विषयवस्तुको छनौटमा विधा र क्षेत्रको उल्लेख
- भाषाको पुरकको रूपमा व्याकरण सिकाउने दृष्टिकोण
- भाषिक सीपगत पक्षमा अत्याधिक जोड ।

### ३.१.७ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेन – २०४९

बहुदलीय व्यवस्थाको पुर्नस्थापना २०४६ सालमा भयो । त्यसपछि नेपालमा त्यसबेला सम्म प्रत्यक्ष अप्रत्यक्ष रूपमा क्रियाशील रहेको रा.शिप.यो. प्रति प्रश्न चिन्ह उठाउँदै देशमा शिक्षाका क्षेत्रमा व्यापक सुधार गर्नुपर्ने देखियो । हुनत रा.शि.प.यो. २०२८ को मूलरूपलाई मध्यवधि मूल्याङ्कन तथा पूर्नावधि मूल्याङ्कनद्वारा केही संशोधन गरिसकिएको थियो भने ती मूल्याङ्कनका आधारमा पाठ्यक्रम कार्यक्रम योजना २०३८ लागु गरी विधालयको संरचना तथा पाठ्यक्रममा परिवर्तन गरिएको थियो । राष्ट्रिय शिक्षा अयोग २०४९ को प्रतिवेदन पश्चात् विधालयको शैक्षिक संरचनामा परिवर्तन आएको देखिन्छ । यस प्रतिवेदनले प्राथमिक शिक्षालाई १-५ र माध्यमिक शिक्षालाई ६-१० मानेको छ । यसमा २०२८ को नेपाली भाषाले ३०० पूर्णाङ्क पाएकोमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा निकै कटौती गरेको छ ।

### ३.१.८ माध्यमिक तहको नेपाली पाठ्यक्रम – २०५५

माध्यमिक तहको पाठ्यक्रम (२०५५) भित्र परिचय, साधारण उद्देश्य, भाषिक सीप, विधाको क्षेत्र, शिक्षण प्रक्रिया र मूल्याङ्कन गरी ६ वटा प्रमुख स्तम्भलाई समावेश गरिएको पाइन्छ । साधारण उद्देश्य अन्तर्गत समग्रमा भाषिक सीपका दृष्टिले उद्देश्यहरू उल्लेखित छन् । त्यसपछि भाषिक सीपका शीर्षकमा सुनाइ र बोलाइको एकै ठाउँमा र पढाइ र लेखाइका बेग्लाबेग्लै उद्देश्यहरू दिइएका छन् । विधाको क्षेत्रअन्तर्गत भाषिक उद्देश्य प्राप्तिका लागि आवश्यक हुने विधाहरूको प्रकृति र त्यसमा समावेश हुने विषयवस्तुको क्षेत्र समेत निर्देश गरिएको छ । २०३८ सालको पाठ्यक्रममा

शब्दभण्डारलाई व्याकरणअन्तर्गत राखिएको थियो भने यस पाठ्यक्रममा भने शब्दभण्डारलाई पृथक् स्तम्भका रूपमा महत्त्व दिइएको पाइन्छ ।

### ३.२ माध्यमिक तहको नेपाली पाठ्यक्रमको परम्परा

वि.सं १९९० सालमा एस्.एल्.सी बोर्डको स्थापना भएपछि एस्.एल्.सी. सम्मको पाठ्यक्रममा विदेशी विश्वविधालयको परनिर्भरता घटेको पाइन्छ । यसले गर्दा उक्त तहसम्म नेपाली भाषाको समावेशका लागि मार्ग प्रशस्त भएको हो । यस सन्दर्भमा पाठ्यक्रम संशोधन र परिमार्जनको काम भए । यसमा भर्नाकुलर, रचनापत्र र अतिरिक्त गरी जम्मा ३०० पूर्णाङ्कको नेपाली विषय लिन सकिने व्यवस्था थियो । फलस्वरूप विधालयका उच्च कक्षामा समेत नेपाली माध्यमबाट पठनपाठनको औपचारिक शुरूवात भएको पाइन्छ । त्यसपछि वि.स. २००१ को संशोधनमा भर्नाकुलर र रचना पत्रमा कुनै छनोट नदिइएर नेपालीलाई अनिवार्य बनाइको देखिन्छ तर २००२ सालमा भर्नाकुलर पत्रमा मात्र नेपालीलाई अनिवार्य गराइएको पाइन्छ । २००५ मा नेपालीलाई अनिवार्य गराइनुको साटो नेपाली वा हिन्दी लिन सकिने व्यवस्था भएको थियो । २००८ मा प्रारम्भिक नेपाली भनी ५० अङ्कको अनिवार्य नेपाली र पूर्वीय भाषाका रूपमा ऐच्छिक नेपालीको व्यवस्था गरिएको पाइन्छ । यसरी एस्.एल्.सी मा नेपाली भाषाको यही व्यवस्था नै २०२८ सालसम्म कायम रहेको थियो ।

वि.स. २००४ सालमा व्यवसायिक सीप तथा हस्त कौशलको विकासमा जोड दिने गान्धीवादी शैक्षिक दर्शनमा आधारित “आधार शिक्षा” को सुरूवात भयो । यसमा मातृ भाषालाई शिक्षणको माध्यम बनाइएको थियो । आधार शिक्षाका माध्यमिक तहमा एक पत्र नेपाली पढाउने व्यवस्था थियो । यो शैक्षिक गतिविधि नेपाली भाषालाई महत्व दिने तथा यसलाई पठनपाठनको माध्यम बनाउने दृष्टिले महत्वपूर्ण तथा उल्लेखनीय रूपमा देखा पर्दछ । वि.स. २००७ सालको ऐतिहासिक परिवर्तनपछि राष्ट्रिय दृष्टिकोणले शिक्षा विकासको सुव्यवस्थित बाटो पहिल्याउने दिशाका रूपमा “नेपाल राष्ट्रिय शिक्षा योजना आयोग” को गठन गरियो । यसले देशका विभिन्न क्षेत्रको अध्ययन भ्रमण र गोष्ठीका आधारमा २०११ सालमा विभिन्न तहमा शिक्षा कस्तो छ ? के आवश्यक छ ? भन्ने कुरा स्पष्ट पार्दै “नेपालमा शिक्षा” नामक प्रतिवेदन प्रस्तुत गर्नुका साथै प्राथमिक र माध्यमिक तहका लागि पाठ्यक्रमको पनि प्रस्ताव गरेको छ । यसले नेपाली भाषा सर्वसाधारण नेपालीको सोचाइ, बोलिचाली र लेखापढीको माध्यम भएको कुरा उल्लेख गरेको छ ।

वि.स. २०२८ सालमा नेपालको शैक्षिक इतिहासमा एउटा युगान्तकारी परिवर्तनशील कदमको सुरूवात भयो । रा.शि.प.यो. २०२८ लागु भएपछि यसले विधालय तहमा मात्र नभई उच्च तहमा समेत परिवर्तन ल्यायो । प्रत्येक तहका लागि छुट्टाछुट्टै पाठ्यक्रम निर्माण भयो । माध्यमिक तहमा नेपाली भाषाले विधालयको १२% समय पाएको देखिन्छ । २०२८ सालको पाठ्यक्रमले सर्वप्रथम पाठ्यांश परिचय, साधारण उद्देश्य, भाषिक सीपगत उद्देश्य, विधाको क्षेत्र, मूल्याङ्कन प्रक्रिया जस्ता स्तम्भलाई समेटी पाठ्यक्रमलाई नयाँ ढाँचामा प्रस्तुत गरेकाले पुरानो पाठ्यक्रमको तुलनामा यस पाठ्यक्रममा वैज्ञानिकपन भेटाउन सकिन्छ । मा.वि. नेपाली पाठ्यक्रममा पाठ्यभार छ र पूर्णाङ्क १०० नै कायम गरिएको पाइन्छ । त्यसबेला ऐच्छिक नेपालीका लागि छुट्टै पत्र लिन सकिने समेत व्यवस्था भएको  पाइन्छ । यस्तै राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरे अनुसार मा.वि. तहको पाठ्यक्रममा परिमार्जन गरि लागु भइसकेको पाइन्छ । २०५५ को यस पाठ्यक्रम भित्र परिचय, साधारण उद्देश्य, भाषिक सीप, विधाको क्षेत्र, शिक्षण प्रक्रिया र मूल्याङ्कन गरी ६ वठा प्रमुख स्तम्भहरूलाई समावेश गरिएको पाइन्छ ।

### ३.२.१ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ को संक्षिप्त परिचय

वि.स. २०२८ सालमा “राष्ट्रिय शिक्षा पद्धतिको योजना” लागु गरियो । यस योजनाले सर्वप्रथम देशको सम्पूर्ण शैषिक व्यवस्थामा आमूल परिवर्तन गरी नवीन व्यवस्था, स्वरूप र वैज्ञानिकता सूत्रपात गऱ्यो । त्यसै सन्दर्भमा नेपाली भाषा शिक्षणलाई सीपमूलक एवम् प्रयोगात्मक ढङ्गले शिक्षण गर्ने गरी सीपगत ढङ्गले छुट्टाछुट्टै अङ्क र समय निर्धारण गरेर तहगत एवम् कक्षागत रूपमा नवीन किसिमको नेपाली भाषापाठ्यक्रम निर्माण गऱ्यो र सोही अनुरूप पठनपाठन गर्ने व्यवस्था गऱ्यो । एउटै विषय शिक्षण गर्ने नवीन सोंच । बाटो निर्देश गऱ्यो यसरी २०२८ सालपछि नेपाली शिक्षणले नेपालकै इतिहासमा एउटा नयाँ अध्यायको युगान्तकारी सुरूवात गर्ने अवसर पायो ।

कक्षा ८-१० सालको भाषा पाठ्यक्रमले माध्यमिक तहअन्तर्गत राखेको पाइन्छ । २०२८ को यस पाठ्यक्रम भित्र प्रस्तावना, परिचय, साधारण उद्देश्य, विशेष उद्देश्य (प्रत्येक कक्षाको छुट्टाछुट्टै) विधाको क्षेत्र र क्रम, विधाको क्षेत्र र क्रमको स्पष्टीकरण, पाठ्यविषयको अङ्क विभाजन र समय विभाजन जस्ता शीर्षकहरू छन् । परिचय शीर्षकमा नेपाली भाषाको महत्त्व औंल्याइएको पाइन्छ । साधारण उद्देश्यमा भाषा र साहित्यलाई प्रमुखता दिइएको पाइन्छ भने विशेष उद्देश्यअन्तर्गत सबै भाषिक

सीपको छुट्टाछुट्टै एवम् प्रत्येक कक्षाका अलग-अलग उद्देश्य माथि जोड दिइएको पाइन्छ । यस पाठ्यक्रमले प्रमुख विधाको रूपमा कथा, जिवनी, चिठी, रूपक, पद्य, लय, छन्द र भाषा (व्याकरण) लाई मानेको पाइन्छ । शिक्षण प्रक्रियाको बारेमा यो पाठ्यक्रम मौन छ । कुन विधालाई कुन शिक्षण विधि अपनाएर शिक्षण गर्ने भन्ने बारेमा यस पाठ्यक्रमले कुनै प्रभावकारी शिक्षण विधि अवलम्बन गर्न सकेको छैन ।

माध्यमिक तहको भाषा पाठ्यक्रम २०२८ मा निम्न अनुसारको विधागत क्षेत्र र क्रम समावेश गरिएको छ जसलाई परिशिष्टमा राखिएको छ –

**भाषातत्व व्याकरण**

भाषामा प्रचलित शब्दहरूको सुनियोजित ढङ्गबाट शुद्धसँग प्रयोग गरी बोल्न र लेख्न सिकाउने विधालाई भाषातत्व (व्याकरण) मानिएको छ ।

क – स्वर र व्यञ्जन

ख – गति, यति, बलाघात, स्वरघात र स्वरप्रसारणको बोध

ग – शब्दभण्डार

घ – निपात

ङ – धातु

च – व्युत्पन्न धातु (नाम, विशेषण, अव्यय आदिबाट बनेका )

छ – प्रेरणार्थक धातु

ज – धातुको वर्गीकरण

झ – क्रिया

ञ – धातु रूपावली

ट – पदविभाग

ठ – कारक र विभक्ति

ड – व्यत्पन्न शब्द

ढ – अनुकरण शब्द

ण – योजना विचार (शब्द मेल समेत)

त – वाच्य परिवर्तन

थ – वाक्य

द – वाक्य संश्लेषण

ध – वाक्य

न – भावार्थ लेखन

प – भाव विस्तार

फ – सारलेखन

ब – वाग्धारा तथा उखान टुक्का

भ – शैली

मूल्याङ्कनका दृष्टिले यो पाठ्यक्रमले माध्यमिक तहमा विधालय घण्टीको १२% समय पाएको पाइन्छ। यस क्रममा विभिन्न पक्षका लागि निम्नानुसार अङ्क विभाजन गरिएको छ –

तालिका संख्या – १

**२०२८ अनुसार कक्षा ८,९ र १० को विधागत अङ्क विभाजन :-**

| विधा | समयभार | अङ्कभार |
|---|---|---|
| निबन्ध | २.० | २० |
| कथा | १.० | १० |
| जीवनी | ३.० | ३० |
| क) राष्ट्रिय चरित्र | – | – |
| ख) अन्तराष्ट्रिय चरित्र | – | – |
| चिठी | १.० | ८ |
| रूपक | २.० | १० |
| पद्य | १.० | १० |
| लय र छन्द | १.० | ८ |
| व्याकरण | १.० | १४ |

स्रोत : माध्यमिक पाठ्यक्रम २०२८

यस पाठ्यक्रमले नेपाली विषयको पठनपाठनको निम्ति प्रतिहप्ता ६ घण्टी निर्देश गरेको छ। २०२८ सालको मा.वि. तहको भाषापाठ्यक्रमका प्रमुख विशेषतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ।

क) पुरानो प्रारम्भिक नेपाली र पूर्वीय भाषा नेपाली दुबैलाई समन्वय गर्ने प्रयास

ख) प्रयोजनपरक दृष्टिले विषयवस्तु वा सामग्रीको छनोटमा विविधता ल्याउने प्रयास

ग) भाषाको पुरकका रूपमा व्याकरण सिकाउने कुराको सङ्केत

घ) यस तहमा माध्यमिक भाषापाठ्यक्रमका उद्देश्यमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरू समावेश

### ३.२.२ माध्यमिक तहको भाषापाठ्यक्रम २०६४ को संक्षिप्त परिचय

समाजको परिवर्तन, राजनीतिक व्यवस्थाको फेरबदल विश्वव्यापीकरण र नवीनतम् ज्ञानको प्रर्वतनका कारण पाठ्यक्रममा समसामयिक परिवर्तन आवश्यक भइरहन्छ । नेपालको लोकतान्तिक परिवर्तनले पनि शिक्षामा पाठ्यक्रम परिवर्तनको आवश्यकता महशुस गऱ्यो । यस आधारमा पाठ्यक्रमलाई जनआकाङक्षा अनुरूप एवम् देशको परिवर्तित सन्दर्भ अनुकूल परिवर्तन गर्न राष्ट्रिय शिक्षा आयोग २०४९ ले र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ लागु भएको थियो । वर्तमान सन्दर्भलाई समेत समेटी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६४ पनि लागु भइसकेको छ । यो मिति २०६३/१०/२५ को नेपाल सरकारको निर्णय अनुसार स्वीकृत भई कार्यान्वयनमा आएको हो ।

यस पाठ्यक्रमले कक्षा ९-१० लाई माध्यमिक तहअन्तर्गत राखेको देखिन्छ । यसै मान्यता अनुसार नेपाली भाषाको पनि व्यवस्थित र बैज्ञानिक पाठ्यक्रम बनेको छ । २०६४ को यस पाठ्यक्रमको प्रारूपमा परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्यअन्तर्गत रही भाषिक सीप, विधाको क्षेत्र र क्रम तालिका, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रिया गरी प्रमुख ६ वटा शीर्षकहरू छन् । परिचय खण्डमा नेपाली भाषा शिक्षणको महत्व औंल्याउँदै परिमार्जित पाठ्यक्रममा समाविष्ट पक्षहरूको दिग्दर्शन प्रस्तुत गरिएको छ । साधारण उद्देश्यअन्तर्गत भाषिक सीपमा रहेर १७ वटा उद्देश्यहरू राखिएका छन् । त्यसपछि विशिष्ट उद्देश्यअन्तर्गत कक्षा ९ र १० छुट्टाछुट्टै सुनाइ र बोलाइका एकै ठाउँमा र पढाई र लेखाइका अलगअलग भाषिक सीपका उद्देश्यहरू दिइएको छ । विधाको क्षेत्रअन्तर्गत भाषिक उद्देश्यहरू प्राप्तिका लागि आवश्यक हुने विधाहरूको प्रकृति र त्यसमा समावेश हुने विषयवस्तुको क्षेत्र समेत निर्देश गरिएको छ । यस क्रममा निबन्ध, कथा, जीवनी, चिठ्ठी, रूपक, दैनिकी, कविता, भाषातत्व, व्याकरण र शब्दभण्डारलाई विधाअन्तर्गत राखिएको छ । यसमा थप जानकारी अर्न्तगत व्याकरण हिज्जे (वर्णविन्यास), लेख्य चिन्ह र शब्दभण्डारका बारेमा स्पष्ट पारिएको छ । शिक्षण प्रक्रियाअन्तर्गत कथा, कविता, जीवनी, निबन्ध, रूपक, पद्य आदि विधाको स्पष्टीकरणका साथै यिनको सङ्केतमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ । व्याकरण

शिक्षणका लागि आगमन विधिको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । शब्दभण्डार शिक्षणमा शब्दकोषको प्रयोग गर्न प्रोत्साहित गरिएको छ ।

माध्यमिक तहको भाषापाठ्यक्रम २०६४ ले निम्न अनुसारको विधागत क्षेत्र र क्रम प्रस्तुत गरेको छ जसलाई परिशिष्ट २ मा समावेश गरिएको छ –

मूल्याङ्कन स्तम्भमा सुनाइ र बोलाइ सीपलाई निर्माणात्मक वा निरन्तर मूल्याङ्कनमा सीमित गरिएको छ । लेखाइ र पढाइलाई निर्णयात्मक मूल्याङ्कन आवश्यक पर्ने कुरा उल्लेख गरिएको छ । यसमा विभिन्न पक्षका लागि निम्नानुसारको अङ्क विभाजन गरिएको छ –

तालिका संख्या – २

**नेपाली भाषा पाठ्यक्रम २०६४ अनुसार अङ्क विभाजन**

| क्र.स. | क्षेत्र | विधा | अङ्कभार %मा |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति, वाच्य र वाक्य परिवर्तन, शब्दनिर्माण | १८ |
| ४ | बोध | कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ५ | सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना (अदृष्टांश) | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क) निबन्ध, ख) चिठी, वक्तृता, संवाद, दैनिकी | १० |
| ८ | व्याख्या (सप्रसङ्ग) | कविता, कथा, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी | १५ |
| १० | विवेचनात्मक उत्तर | कथा, निबन्ध, जीवनी | १० |

स्रोत : माध्यमिक पाठ्यक्रम २०६४

यस पाठ्यक्रमले नेपाली पठनपाठनको लागि प्रतिहप्ता ५ घण्टी छुट्याएको छ र वार्षिक १५० घण्टी निर्धारण गरेको छ । माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०६४ का विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ –

- पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी एवम् व्यवहारमूलक बनाउने प्रयास गरिएको छ ।
- उद्देश्यहरूलाई सीपगत ढाँचामा निर्धारण गरिएको छ ।
- उपयुक्त पाठ्यवस्तु, छनोट एवम् स्तरणमा ख्याल गरिएको छ ।
- विधाको क्षेत्र र क्रम स्पष्ट पारिएको छ ।
- विशिष्ट उद्देश्यलाई सीप र विधासँग एकीकृत गरी विस्तृतीकरण गरिएको छ ।
- निम्न माध्यमिक तह पूरा गरी आउने विधार्थीलाई दृष्टिगत, उच्च शिक्षा प्रवेशको पूर्वाधार निर्माण गर्ने खालका पाठ्यवस्तुको समेत चयन गरिएको छ ।
- भाषाको पूरकको रूपमा भाषातत्व/व्याकरणलाई समावेश गरिएको छ ।
- शिक्षण प्रक्रियाको निर्देशन दिइएको छ ।
- भाषिक व्यवहार र क्षमता अभिवृद्धि गर्न स्वतन्त्र रचना, शब्दभण्डार जस्ता विषयवस्तु राखिएको छ ।
- भाषाको मूल्याङ्कन प्रभावकारी हुन सकोस् भन्ने दृष्टिकोणले मूल्याङ्कन अङ्कभारको निर्देशन दिइएको छ

## परिच्छेद – चार

# पाठ्यक्रमको तुलनात्मक अध्ययन

### ४.१ उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

कुनैपनि विषयमा तुलनात्मक अध्ययन गर्दा केही निश्चित आधारहरू लिएर गर्नुपर्दछ र ती आधारहरू कै माध्यमबाट तुलनीय पाठ्यक्रमका बीचमा रहेका समानता र असमानता एवम् कमीकमजोरी पत्ता लगाउने गरिन्छ । यसमा माध्यमिक तहका भाषा पाठ्यक्रम २०२८ र २०६४ ले भाषा पाठ्यक्रममा रहनुपर्ने प्रमुख अङ्गहरूलाई समावेश गर्न सकेका छन् छैनन् तिनकै आधारमा दुबै पाठ्यक्रमको तुलना गर्ने ध्येय सहितको प्रयास यहाँ गरिएको छ । यसका लागि भाषा पाठ्यक्रमका प्रमुख अङ्गहरूलाई आधार मानी अध्ययन अगाडि बढाइएको छ ।

#### ४.१.१ राष्ट्रिय उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

दुबै भाषा पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्यहरू समावेश गरिएको देखिन्छ । २०२८ को माध्यमिक तहमा नेपाली भाषा पठनपाठनमा शिक्षाको राष्ट्रिय उद्देश्यलाई सम्बद्ध गरी निम्न लिखित बुँदाहरू उल्लेख गर्न सकिन्छ –

- ♦ देशको आर्थिक विकासका लागि आवश्यक ज्ञान, विज्ञान, प्राविधिक, दक्षता र सीपको विकास, संरक्षण, सम्बर्द्धन र प्रसार गरी देश विकासको प्रत्येक कार्यक्षेत्रमा आवश्यक योग्य कार्यकर्ता तयार गर्ने
- ♦ सिर्जनात्मक प्रकृतिको विकास गर्ने, अरूको असल भावना र विचारको कदर गर्ने तथा कुशल कला र सौन्दर्यप्रति अनुरागपूर्ण भावनाको विकास गर्ने
- ♦ राष्ट्रभाषा, संस्कृति, साहित्य र कलाको विकास, संरक्षण, सम्बर्द्धन र प्रचार गर्ने

ज्ञान, विज्ञान तथा प्राविधिक दक्षता र सीपको प्रचार प्रसारको आधारभूत माध्यम भाषा हो, त्यस्तै राष्ट्रभाषा, संस्कृति, साहित्य र कलाको प्रचारको माध्यमपनि यही हो । माध्यमिक तहमा उक्त कार्य नेपाली भाषाले गर्नुपर्ने हुन्छ । राष्ट्रका नागरिकहरूलाई राष्ट्रियताको शिक्षा दिनुका साथै उनीहरूलाई ज्ञानविज्ञानका विषयमा बोध र अभिव्यक्तिका दृष्टिले सक्षम् बनाउन नेपाली भाषाको उपयोगीता

अपरिहार्य देखिन्छ । यसका अतिरिक्त विद्यार्थीहरूमा सिर्जनात्मक क्षमता बढाउन, अर्काको विचार र भावनाको एकआपसमा कदर वा प्रसंसा गर्न समेत राष्ट्रभाषा नेपालीलाई सशक्त माध्यमका रूपमा विकसित गराउनुपर्ने देखिन्छ । यस आधारमा हेर्दा २०२८ को राष्ट्रिय उद्देश्यमा नेपाली भाषासँग सम्बद्ध उद्देश्यहरू समावेश गरेको पाइन्छ तर २०६४ को राष्ट्रिय उद्देश्यभित्र भाषासँग सम्बद्ध उद्देश्य समावेश गरिएको देखिदैन । अतः २०६४ को पाठ्यक्रमले नेपाली भाषालाई कम महत्व दिइएको पाइन्छ । यी दुइ पाठ्यक्रमबाट अपेक्षा गरिएका राष्ट्रिय उद्देश्यहरूमा पाइने समानता र असमानतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ –

**समानता**

- दुबै पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्यहरू राखिएको छ ।
- दुबै पाठ्यक्रमले व्यक्तित्व विकासलाई जोड दिइएका छन् ।
- फरक-फरक भाषाको प्रयोग गरिएको भएपनि दुबै पाठ्यक्रममा समाजको विकासका लागि योग्य कार्यकर्ता तयार गर्ने उद्देश्य राखिएको छ ।

**असमानता**

- २०२८ सालको पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य ४ वटा राखिएको देखिन्छ भने २०६४ मा ११ वटा राखिएका छन् ।
- २०२८ को पाठ्यक्रममा दलविहीन, पञ्चायती व्यवस्थाअनुकूल राष्ट्र, राजा र राजमुकुटप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने उद्देश्य राखिएको थियो, २०६४ ले प्रत्येक व्यक्तिमा अर्न्तनिहित प्रतिभा र व्यक्तित्व विकासमा जोड दिने उद्देश्य राखेको छ ।
- २०६४ को पाठ्यक्रमले प्राकृतिक वातावरणको संरक्षणलाई उद्देश्यमा समावेश गरेको छ भने २०२८ ले यो पक्षलाई समावेश गरेको छैन ।
- २०६४ को पाठ्यक्रले समाजमा पछि परेका व्यक्तिहरूलाई मूलधारमा समाहित गर्ने उद्देश्य राखेको छ तर यस्तो पक्षलाई २०२८ सालको पाठ्यक्रमले उल्लेख गरेको छैन ।

निष्कर्षमा भन्नुपर्दा २०२८ सालको भाषिक उद्देश्यमा समसामयिक परिवर्तन गरी २०६४ को भाषिक उद्देश्यमा एक कदम अग्रगामी देखा पर्दछ ।

### ४.१.२ साधारण उद्देश्यका आधारमा पाठ्यक्रमका तुलना

भाषापाठ्यक्रममा साधारण उद्देश्यहरू समावेश गरिएको देखिन्छ २०२८ को भाषा पाठ्यक्रममा १३ वटा साधारण उद्देश्यहरू समावेश गरिएको देखिन्छ भने २०६४ को भाषापाठ्यक्रममा १७ वटा साधारण उद्देश्यहरू समावेश गरिएको देखिन्छ । २०२८ सालको भाषापाठ्यक्रममा भाषिक सीपका आधारमा साधारण उद्देश्यहरु राखिएका थियो भने साधारण उद्देश्यहरू राखिएको थियो भने २०६४ को पाठ्यक्रममा साधारण उद्देश्यहरू राखिएको थियो भने २०६४ को पाठ्यक्रममा साधारण उद्देश्य छुट्टै राखी विशिष्ट उद्देश्यअन्तर्गत भाषिक सीपका आधारमा उद्देश्य विभाजन गरेको देखिन्छ। २०६४ को पाठ्यक्रममा भाषिक सीपका आधारमा साधारण उद्देश्यको विभाजन गरिएको छैन । २०२८ र २०६४ को साधारण उद्देश्यको संख्यात्मक स्थितिलाई निम्न अनुसार देखाउन सकिन्छ।

तालिका संख्या - ३

**भाषा पाठ्यक्रम २०२८ र २०६४ को साधारण उद्देश्यको सङ्ख्यात्मक स्थिति**

| क्र. स. | पाठ्यक्रम | तह | साधारण उद्देश्य | भाषिक सीप | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुनाइ | वोलाई | पढाइ | लेखाइ | जम्मा |
| १ | २०२८ | मा.वि | १३ | २ | २ | २ | ७ | १३ |
| २ | २०६४ | मा.वि | १७ | - | - | - | - | १७ |

यहाँ २०६४ को पाठ्यक्रममा साधारण उद्देश्यहरूलाई भाषिक सीपका आधारमा वर्गीकरण नगरिएकोले विशिष्ट उद्देश्य अन्तर्गत कक्षा ९ र १० को भाषिक सीपका आधारमा गरिएको वर्गीकरण निम्न अनुसार उल्लेख गर्न सकिन्छ –

तालिका संख्या – ४

**भाषा पाठ्यक्रम २०६४ अनुसार विशिष्ट उद्देश्यको सङ्ख्यात्मक स्थिति**

| क्र.स | कक्षा | विशिष्ट उद्देश्य | | | |
|---|---|---|---|---|---|
| | | सुनाइ/बोलाइ | पढाइ | लेखाइ | जम्मा |
| १ | ९ | ८ | ६ | ९ | २३ |
| २ | १० | ८ | ६ | १० | २४ |

माथिको तालिका अध्ययन गर्दा साधारण उद्देश्यहरू अन्तर्गत २०२८ को पाठ्यक्रमका भाषिक सीपका आधारमा एकमुष्ठ उद्देश्य निर्धारण गरेको छ । २०६४ को साधारण उद्देश्य कक्षागत नभइ तहगत रहेकाले भाषिक सीपका आधारमा अलग-अलग विश्लेषण गर्न सकिने स्थिति छैन तर भाषिक सीपका कुरालाई त्यसमा समावेश भने गरिएको छ । यस्तै २०२८ को पाठ्यक्रममा समावेश साधारण उद्देश्यहरू अमूर्त र शिक्षणका उद्देश्यहरू व्यवहारिक र प्रयोगमूलक देखिन्छ ।

सिद्धान्ततः साधारण उद्देश्यहरू पनि भाषिक सीपसँग सम्बन्धित हुनुपर्ने देखिन्छ । भाषिक सीप विकासका दृष्टिले सानो कक्षामा भन्दा ठूलो कक्षामा अपेक्षाकृत रूपमा सीपगत उद्देश्यहरू विशिष्टीकृत हुनु आवश्यक हुन्छ । यस दृष्टिले हेर्दा २०२८ को भाषापाठ्यक्रमको साधारण उद्देश्यहरूमा सुनाइलाई मात्र प्रष्ट पार्ने २, बोलाइ लाई मात्र प्रष्ट पार्ने २, पढाइलाई मात्र प्रष्ट पार्ने २ र लेखाइलाई मात्र प्रष्ट पार्ने ७ उद्देश्यहरू रहेका छन् । यस आधारमा भन्न सकिन्छ कि उद्देश्यहरू अस्पष्ट, असन्तुलित र अमूर्त किसिमका देखिन्छन् । त्यसैगरी २०६४ को भाषा पाठ्यक्रममा साधारण उद्देश्यहरूलाई भाषिक सीपका आधारमा नबाँडी एकमुष्ट रूपमा राखिएको देखिन्छ । यद्यपि विशिष्ट उद्देश्य अन्तर्गत कक्षा ९ र १० को छुट्टाछुट्टै भाषिक सीपको वर्गीकरण गरिएपनि साधारण मूल्याङ्कनमा कठिनाइ उत्पन्न हुने देखिन्छ । यस आधारमा २०२८ को भन्दा २०६४ को भाषापाठ्यक्रमको साधारण उद्देश्य कमजोर प्रतीत हुन्छ ।

माध्यमिक तहको अनिवार्य नेपालीको मुख्य उद्देश्य भाषाको सीप विकासमा जोड दिनु भएकाले लैङ्गिक समता, दलित, जनजाति, विशेष सीमान्तकृत समूह र स्थानीय आवश्यकता र मागका सम्बन्धमा पाठ्यक्रमको उद्देश्यमा उल्लेख गर्नु बान्छनीय देखिन्छ तर दुबै पाठ्यक्रममा यस बारेमा केही उल्लेख गरेको पाइँदैन । नेपाली भाषा भएका र नभएका व्यक्तिहरू (विद्यार्थीहरू) का लागि पहिलो वा मातृभाषी विद्यार्थी सरह एउटै उद्देश्य राख्नु भाषिक सीप सिकाइका दृष्टिले अन्याय हुन जान्छ । त्यसैले भाषा पाठ्यक्रम निर्माण गर्दा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने सिकारुका लागि समेत उद्देश्यमा सोही मुताविक उल्लेख गर्नुपर्ने देखिन्छ । यस दृष्टिले हेर्दा २०२८ र २०६४ का पाठ्यक्रम मौन देखिन्छन् । यसैले भाषा पाठ्यक्रमको साधारण उद्देश्य निर्माण गर्दा दलित, जनजाति, समाजिक, आर्थिक पक्षलाई र सांस्कृतिक आदि पक्षलाई उजागर गर्ने उद्देश्यमा शब्दकोष प्रयोग सम्बन्धी उद्देश्यलाई समावेश गरेको पाइँदैन तर २०६४ को पाठ्यक्रमले विशेष प्राथमिकताका साथ शब्दकोष प्रयोग सम्बन्धी उद्देश्यलाई समावेश गरी पाठ्यक्रमलाई प्रयोगात्मक र व्यवहारिक बनाउने कोसिस गरेको देखिन्छ ।

## ४.२ भाषिक सीपका आधारमा पाठ्यक्रमको तुलना

भाषापाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित उद्देश्यहरू समेटिएका छन् । २०२८ को पाठ्यक्रमले भाषिक सीपसँग सम्बन्धित सुनाइ, बोलाइ, लेखाइ र पढाइका उद्देश्यहरूलाई छुट्टाछुट्टै रूपमा दिइएको छ । २०६४ को पाठ्यक्रमले भाषिक सीपसँग उद्देश्यलाई विशिष्ट उद्देश्य अन्तर्गत मूल शीर्षकमा राखी कक्षागत (नौ र दश) रूपमा उल्लेख गरेको छ । २०२८ को पाठ्यक्रममा सुनाइ र बोलाइलाई एउटै शिर्षकमा राखी कक्षागत रूपमा उल्लेख गरिएको छ । माध्यमिक तहमा २०६४ को पाठ्यक्रमले पढाइ र लेखाइको तुलनामा सुनाइ र बोलाइलाई कम महत्त्व दिइएको पाइन्छ । २०२८ को पाठ्यक्रममा भाषिक सीपलाई विशिष्टीकृत गर्ने क्रममा एकभन्दा बढी उद्देश्यहरू समेटेको पाइन्छ । भाषिक उपयोगका दृष्टिले यसो हुनु स्वभाविक ठानिन्छ तर विशिष्टीकृत गर्ने क्रममा सुनाइ सीपअन्तर्गतको उद्देश्य सङ्ख्या ६, बोलाइ सीपअन्तर्गतको उद्देश्य संख्या ४ र ८, त्यस्तै पढाइ सीपअन्तर्गतको उद्देश्य संख्या ४ का उद्देश्यहरू अस्पष्ट, प्रसङ्ग अनुकूल नभएका र द्वैध अर्थ लाग्ने खालका देखिनछन् । २०२८ को तुलनामा २०६४ को भाषापाठ्यक्रममा समावेश गरिएका उद्देश्यहरू सीपगत दृष्टिले विशिष्टीकृत देखिन्छ । २०२८ को तुलनामा २०६४ को पाठ्यक्रमले भाषातत्व बोध र अभिव्यक्ति, शब्दभण्डार, व्याकरण जस्ता विषवस्तुलाई समावेश गरी व्यापक र स्पष्ट बनाएको देखिन्छ ।

दुबै पाठ्यक्रमले सीपगत उद्देश्यअन्तर्गत अपाङ्ग, बहिरा, सुस्त श्रवण विद्यार्थीका लागि हेराइ र गराइ सीपको उल्लेख गरेको छैन । उनीहरूलाई भाषिक सीप हासिल गराउनको लागि हेराइ र गराइ सीपको उपयोग गर्नुपर्ने देखिन्छ । त्यसैगरी दुबै पाठ्यक्रममा समावेश सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपमा दलित, जनजाति, अपाङ्ग महिला तथा पिछडिएको वर्गलाई सम्बोधन गर्ने खालका विषयवस्तु समावेश गरेको पाइँदैन । अतः भाषिक सीपगत उद्देश्य निर्धारण गर्दा उपयुक्त सबै वर्गलाई सम्बोधन गर्ने खालका विषयवस्तु यथेष्ट मात्रामा समावेश गरिनुपर्ने देखिन्छ ।

## ४.३ विधागत क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना

नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को पाठ्यक्रम बीचको तुलना गर्दा यस शीर्षकमा विधाको क्षेत्रको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ । पाठ्यक्रममा समावेश गरिएको विधा तथा क्षेत्रको विद्यार्थीमा अपेक्षित भाषिक उपलब्धि हासिल गराउन सकिन्छ । त्यसैले पाठ्यक्रममा भाषिक सीप हासिल गराउने उपयुक्त विधाको छनोट गर्नु अति आवश्यक हुन्छ । निश्चित सीप हासिल गराउन

उचित विधाको क्षेत्र निर्धारण नभएमा भाषा पाठ्यक्रमका उद्देश्यहरू हासिल गर्न सकिदैन । तसर्थ भाषिक उद्देश्य हासिल गराउन निर्धारण गरिएका २०२८ र २०६४ मा समावेश गरिएका विभिन्न विषयवस्तुहरूलाई तलको तालिकाको सहायताले तुलना गरिएको छ ।

तालिका संख्या – ५

**नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ मा समावेश विधाहरु**

| क्र.स | विधा विषय क्षेत्र | मा.वि. पाठ्यक्रम - २०२८ | | मा.वि. पाठ्यक्रम - २०६४ | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | कथा | ✓ | – | ✓ | – |
| २ | जीवनी | ✓ | – | ✓ | – |
| ३ | कविता | ✓ | – | ✓ | – |
| ४ | निबन्ध | ✓ | – | ✓ | – |
| ५ | रूपक | ✓ | – | ✓ | – |
| ६ | चिठी | ✓ | – | ✓ | – |
| ७ | दैनिकी | – | ✓ | ✓ | – |
| ८ | व्याकरण | ✓ | | ✓ | – |
| ९ | बोध | | | | |
| १० | शब्द भण्डार | | | | |
| ११ | लय र छन्द | ✓ | | | ✓ |

माथि उल्लेखित पाठ्यक्रममा कथा, जिवनी, कविता, निबन्ध, रूपक, चिठी, भाषातत्व (व्याकरण) जस्ता विषयक्षेत्र समावेश गरिएको छ । तर पुरानो पाठ्यक्रम २०२८ मा समावेश लय र छन्द नयाँ पाठ्यक्रम २०६४ मा समावेश गरिएको देखिंदैन । त्यस्तै २०२८ को पाठ्यक्रमले दैनिकीलाई विधामा समावेश गरेको छ । साथै शब्द भण्डारलाई समावेश गरी वैज्ञानिकता प्रदान गरेको देखिन्छ र यसमा उखान टुक्का पनि समावेश गरिएको छ ।

कथाअन्तर्गत २०२८ को पाठ्यक्रममा लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा समावेश गरिएको छ भने २०६४ को विधा क्षेत्रमा कक्षा ९ मा बाल मनोबैज्ञानिक कथा र कक्षा १० मा मनोवैज्ञानिक कथा समावेश गरिएको छ । २०२८ को पाठ्यक्रमले कथालाई लघुकथा भनेर कथाको प्रकार समेत उल्लेख गरेको छ भने २०६४ को पाठ्यक्रममा त्यसरी प्रकार उल्लेख गरिएको छैन ।

यी पाठ्यक्रममा राष्ट्रिय र अन्तराष्ट्रिय जीवनी विधा अन्तर्गत समावेश गरिएको छ । २०२८ को पाठ्यक्रमले राष्ट्रिय जीवनी अन्तर्गत राजनैतिक, साहित्यकार र कलाकार, सांस्कृतिक विद्धान् र विचारक र अन्तराष्ट्रिय अन्तर्गत राजनैतिक र विचारक, अन्वेषक र आविष्कारक, साहित्यकार र कलाकार जस्ता निबन्धात्मक विषयवस्तुलाई समेटेको देखिन्छ र थप ऐतिहासिक निबन्धलाई स्थान दिइएको पाइन्छ भने २०६४ को पाठ्यक्रमले जीवनी अन्तर्गत कक्षा ९ का लागि ऐतिहासिक प्रेरक व्यक्तित्व, विचारक, आविष्कारकको जीवनी समावेश गरेको छ भने कक्षा १० का लागि साहित्य कला सम्बन्धी राजनीतिक प्रेरक व्यक्तित्व र विचारकको जीवनी समावेश गरेको छ ।

त्यसै गरी निबन्ध अन्तर्गत समावेश गरिएको छ । जसमा कक्षा ९ का लागि सामाजिक र प्राविधिक व्यवसायिक निबन्ध समावेश छन् भने कक्षा १० का लागि समाजिक र प्राविधिक व्यवसायिक निबन्ध नै समावेश गरिए छन् । दुबै भाषापाठ्यक्रमले नेपालको स्थानीयता, अपाङ्ग, दलित, जनजाति, महिला र पिछडिएका वर्गको विषयवस्तुलाई खासै सम्बोधन गर्न सकेको छैन । २०२८ सालको पाठ्यक्रमको तुलनामा २०६४ को पाठ्यक्रमले केही नयाँपन दिइएको छ । अतः जीवनी विधामा स्थानीय समाजसेवी अपाङ्ग, महिलावर्गका लेखक तथा साहित्यकारका रचना समावेश गरी पाठ्य सामग्रीलाई रोचक, क्रियाकलापमुखी साथै समावेशीमूलक सबै नेपाली समुदाय र वर्गको मार्मिकता झल्काउने र विद्यार्थीको मनोविज्ञानमा आधारित बनाउनुपर्ने देखिन्छ । शारीरिक अशक्तता भएका सङ्घर्षशील र सफलता प्राप्त व्यक्तिका जीवनीलाई पाठ्यक्रममा समावेश गर्नुपर्दछ ।

२०२८ को भाषापाठ्यक्रमले पद्य शीर्षकअन्तर्गत इतिहासप्रधान र वर्णनप्रधान, संस्कृतिप्रधान, प्रकृतिप्रधान, समाजप्रधान कविता समावेश गरेको छ । दुबै पाठ्यक्रमले कविता, कथा, निबन्ध, रूपक, चिठ्ठी जस्ता विधलाई प्रमुखताका साथ समावेश गरेपनि २०२८ सालको पाठ्यक्रमले भन्दा २०६४ को पाठ्यक्रमले कविता, निबन्ध, रूपक, चिठ्ठी जस्ता विधालाई फराकिलो, विस्तृत र

वैज्ञानिक बनाइएको पाइन्छ। रूपकअन्तर्गत २०२८ को पाठ्यक्रममा मनोवाद र एकाङ्की राखिएको छ र २०६४ को पाठ्यक्रममा कक्षा ९ का लागि वक्तृता र संवाद राखिएको छ भने कक्षा १० का लागि मनोवाद, वादविवाद र एकाङ्की विधा रूपकअन्तर्गत समावेश गरिएको छ। यसका आधारमा २०२८ को भन्दा २०६४ को पाठ्यक्रम व्यवहारिक देखिन्छ। २०२८ को पाठ्यक्रममा चिठ्ठीलाई छुट्टै विधाको रूपमा समावेश गरिएको छैन। यसलाई गद्य विधाअन्तर्गत राखिएको छ भने २०६४ को पाठ्यक्रममा चिठ्ठीअन्तर्गत कक्षा ९ का लागि घरायसी र निवेदन, कार्यालयी चिठ्ठी समावेश गरिएको छ। २०६४ को पाठ्यक्रममा अझ चिठ्ठी विधाअन्तर्गत अभ्यासका रूपमा नियन्त्रण तथा शुभकामना सिकाउने निर्देशन गरिएको छ। यसले भाषिक सीपको व्यवहारिक प्रयोगमा सहयोग पुऱ्याउने देखिन्छ। त्यस्तै दैनिकीलाई पनि २०६४ को पाठ्यक्रमले महत्त्वपूर्ण स्थान दिएको छ। यसले विद्यार्थीमा लेखाइ सीपको विकास गराउन सहयोग पुऱ्याउँछ। २०२८ को पाठ्यक्रमले लय र छन्द जस्तो सैद्धान्तिक प्रकृतिको विषयलाई पनि विधाअन्तर्गत राखेको पाइन्छ तर २०६४ को पाठ्यक्रमले त्यसलाई समावेश गरेको छैन। त्यसैगरी भाषातत्व/व्याकरणलाई दुबै पाठ्यक्रमले स्थान दिइएको पाइन्छ। तर २०२८ को भाषातत्व बढी सैद्धान्तिक र भाषिक सीप विकासका दृष्टिले सन्देशमूलक देखिन्छ। अर्कोतिर पाठ्यक्रममा यिनको छनोट र स्तरमा ध्यान नदिएको पाइन्छ। २०२८ को तुलनामा २०६४ को भाषातत्व/व्याकरण प्रयोगमूलक, एकाइमूलक र व्यवहारिक प्रकृतिको देखिन्छ। यसमा छनोट र स्तरलाई जोड दिई व्याकणिक पाठ्यवस्तुलाई जीवनोपयोगी बनाउने प्रयास गरेको पाइन्छ।

पाठ्यक्रम निर्माण गर्दा समाजको आवश्यकता, रुचि, पिछडिएका वर्ग (दलित, जनजाति, अपाङ्ग, महिला) को मनोबल बढाउन सकिने तथा उनीहरूमा उत्प्रेरणा जगाउन सकिने खालका पाठ्यवस्तु समावेश गरिनुपर्ने हुन्छ तर यस बारेमा दुबै पाठ्यक्रमहरू मौन छन्। विषयवस्तु निर्धारण गर्दा पिछडिएका वर्गका प्रेरक र सङ्घर्षशील व्यक्तित्व, स्थानीय विषयवस्तु, पिछडिएका वर्ग र महिलालाई सकारात्मक सन्देश दिने र समानता ल्याउने खालका निबन्ध, कथा, कविता जस्ता विधाहरूलाई प्राथमिकताका साथ समावेश गर्नुपर्ने देखिन्छ। यस्ता सामग्रीले जातीय समानता, लैङ्गिक समानता ल्याउने सन्देश दिँदै समाजिक सांस्कृतिक रीतिरिवाज, स्थानीय भूगोल, समाज, घटना र व्यक्तित्वको बारेमा नयाँ ज्ञान प्रदान गर्दछ। दुबै पाठ्यक्रमले दलित, जनजाति, अपाङ्ग महिला वर्गका महापुरूष, समाजसेवी, विद्धान् वैज्ञानिक, ऐतिहासिक पुरूष, महिला, गायक, सङ्गितकार, लेखक, कवि, राजनीतिक व्यक्तित्वको जीवनी, कथा, कविता आदिलाई प्राथमिकताका साथ समावेश गर्न सकेको देखिँदैन। त्यसैगरी पाठ्यक्रममा उल्लेखित पाठ्यवस्तुहरूले देशमा विद्यमान विभिन्न धर्म, संस्कृति,

परम्परा र अनेक जनजाति समुदायहरू सबैलाई समेट्न सकेको पाइँदैन । त्यसैले विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गर्दा सबै वर्ग र समूदायलाई समेट्नुपर्ने  देखिन्छ ।

तुलनात्मक रूपमा दुबै पाठ्यक्रममा विधागत विविधता पाइन्छ । यस सन्दर्भमा हेर्दा खासगरी कथा, कविता, निबन्ध, जीवनी, जस्ता विधाहरूलाई समावेश गरिएको पाइन्छ । यी पाठहरूमा संभव भएसम्म कथा, कविता, निबन्ध, प्रबन्ध र जीवनीहरू समाजमा पछाडि परेका वर्गहरू र स्थानीय रुचि र आवश्यकता बमोजिम हुनुपर्ने देखिन्छ । कथाहरू समावेश गर्दा आत्मवल बढ्ने खालको कथाहरू समावेश गरिनुपर्दछ । 'अन्धो मानिस र हात्ती' जस्ता मनोवल गिर्ने खालका कथाहरू समावेश गरिनुहँदैन । सामाजिक क्षेत्रबाट निबन्ध, प्रबनधकका विषयवस्तुहरू लिँदा स्थानीय आवश्यकता साहासिकता स्थानीय संस्कृति र सकारात्मक परम्परा मूल्यमान्यतालाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रबाट प्रेरक व्यक्तिहरूको जीवनी राख्ने क्रममा प्रेरणादायी र सङ्घर्षशील व्यक्ति छानी तिनीहरूको जीवनी समावेश गर्नुपर्ने देखिन्छ । हाल माध्यमिक तहमा साहित्यकार पारिजातको जीवनी समावेश गरिनुलाई प्रशंसनीय उदाहरण मान्न सकिन्छ ।

त्यसैगरी व्याकरण अन्तर्गत २०२८ को पाठ्यक्रममा स्वर वयञ्जन र गति, यति, वलाघात, स्वराघात र स्वर प्रसारणको बोधको बारेमा दिइएको छ । तर २०६४ को पाठ्यक्रममा यो विषयवस्तु समावेश गरिएको छैन । २०६४ मा वर्णविन्यसबाट भाषिक शुद्धता ल्याउने प्रयास गरिएको देखिन्छ भने २०२८ मा त्यस्तो व्यवस्था देखिदैन । २०२८ को पाठ्यक्रममा भावार्थ लेखन, सारलेखन, शैलीशीर्षक राखी भाषातत्वमा समावेश गरेको छ । त्यसलाई २०६४ को पाठ्यक्रमले समेट्न सकेको छैन । २०२८ को पाठ्यक्रमले सम्पूर्ण व्याकणिक संरचनालाई सन्तुलित रूपमा समावेश गर्न सकेको छैन भने २०६४ मा सन्तुलन मिलाउने प्रयास गरिएको छ ।

निष्कर्षमा माध्यमिक तहको विषयवस्तुको क्षेत्र र क्रमले उद्देश्यहरू प्रायः पूरा हुन सक्ने देखिएको तर अनुच्छेद लेखन नभएकाले यसलाई समावेश गर्नुपर्ने देखिन्छ । २०६४ को पाठ्यक्रममा विधाका पाठहरू समावेश गर्दा विषयक्षेत्र र अभिव्यक्तिगत विविधता बीच सन्तुलन, भाषाको समसामयिक प्रयोग स्तर अनुरूपको उद्देश्य पूरा गर्न सक्ने पाठ्यवस्तु भएको तर त्यसको क्षेत्र र क्रम निर्धारण नगरिएकाले स्पष्ट पार्नुपर्ने देखिन्छ । दुबै भाषापाठ्यक्रममा समावेश विषयवस्तुहरूको भाषिक जटिलता र विधागत सन्तुलन नमिलेकाले नेपाली मातृभाषा बाहेकको विद्यार्थीहरूलाई सिक्ने निकै कठिन देखिन्छ ।

## ४.४ अङ्कभार र पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना

माध्यमिक तहको भाषापाठ्यक्रम २०२८ र २०६४ मा विधाविभाजन र विषय गाम्भीर्यताका आधारमा अङ्कभार र पाठ्यभार निर्धारण गरिएको छ । २०२८ को पाठ्यक्रममा विधा विभाजन गरिए अनुसार अङ्कभार विभाजन गरिएको थियो । त्यसलाई पाठ्यक्रमको परिवर्तन सँगै फेरबदल गरिएको छ । जसअनुसार यहाँ २०२८ र २०६४ को भाषापाठ्यक्रममा समावेश भएको पाठ्यभार र अङ्कभारको तुलना गरिएको छ । यहाँ पाठ्यक्रममा समावेश गरिएको अङ्कभारलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ –

तालिका संख्या – ६

**माध्यमिक तहको पाठ्यक्रम २०२८ मा अङ्कभार र पाठ्यभारको व्यवस्था**

| क्र.स. | विषय | विद्यालय घण्टी % | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली भाषा | १२ | १०० |
| २ | संयुक्त राष्ट्रसंघीय भाषा मध्ये एक | १२ | १०० |
| ३ | गणित | १२ | १०० |
| ४ | भूगोल र इतिहास | १२ | १०० |
| ५ | व्यवहारिक स्वास्थ्य शिक्षा | ५ | ५० |
| ६ | पञ्चायत | ५ | ५० |
| ७ | विज्ञान | १२ | १०० |
| ८ | व्यवसायिक विषयमध्येबाट एक | २० | २०० |
| ९ | इच्छाधिन विषयमध्येबाट एक | १० | १०० |
| | जम्मा | १०० | ९०० |

पाठ्यक्रम २०६४ मा समावेश गरिएको अङ्कभार र पाठ्यभारलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ –

तालिका संख्या – ७

**माध्यमिक तहको पाठ्यक्रम - २०६४ मा पाठ्यभार र अङ्कभारको व्यवस्था**

| क्र.स. | विषय | पाठ्यभार | अङ्कभार |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | अंग्रेजी | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक अध्ययन | ५ | १०० |
| ६ | स्वास्थ्य, जनसंख्या तथा वातावरण | ४ | १०० |
| ७ | ऐ.प्रथम | ५ | १०० |
| ८ | ऐ.द्वितीय | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ मा व्यवस्था भए बमोजिम विधागत समयविभाजन र अङ्कविभाजन निम्न अनुसार समावेश गरिएको प्रस्तुत गरिएको छ –

तालिका संख्या – ८

**भाषापाठ्यक्रम २०२८ को अङ्क र समय विभाजन**

| क्र.स. | विषय | पाठ्यभार | अङ्कभार |
|---|---|---|---|
| १ | निबन्ध | २ | २० |
| २ | कथा | १ | १० |
| ३ | जीवनी | ३ | २० |
| ४ | चिठ्ठी | १ | ८ |
| ५ | रूपक | २ | १० |
| ६ | पद्य | १ | १० |
| ७ | लय र छन्द | १ | ८ |
| ८ | व्याकरण | १ | १४ |
| | जम्मा | १२ | १०० |

तालिका संख्या – ९

**माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम (२०६४) को अङ्कतालिका कक्षा – नौ**

| क्र.स. | क्षेत्र | विधा | अङ्कभार % |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वार्णविन्यास | शुद्दीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति वाच्य, वाक्य र वाक्य परिवर्तन, शब्दनिर्माण | १८ |
| ४ | बोध | कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ५ | सारांश | कथा, निबन्ध, जीवनीबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क – निबन्ध<br>ख – चिठी, वक्तृता, संवाद, दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कविता, कथा, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कविता, कथा, निबन्ध, जीवनी | १५ |
| १० | विवेचनात्मक उत्तर | कविता, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

तालि्का संख्या – १०

**मा.वि. तहको नेपाली भाषापाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा – दश**

| क्र.स. | क्षेत्र | विधा | अङ्कभार % |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वार्णविन्यास | शुद्दीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति वाच्य, वाक्य र वाक्य परिवर्तन, वाक्य संश्लेषण | १८ |
| ४ | बोध | अदृष्टांश / रचनाबाट | ५ |
| ५ | बुँदारिपोट/सारांश | कथा, निबन्ध, जीवनीबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | अदृष्टांश | क – निबन्ध<br>ख – चिठी, वक्तृता, संवाद, दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कविता, कथा, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कविता, कथा, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १० | विवेचनात्मक उत्तर | कविता, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

माध्यामिक तहको ०२८ र ०६४ सालको नेपाली भाषा पाठ्यक्रमको अङ्कभार र पाठ्यभारको विवरणलाई हेर्दापनि यसमा विभिन्न समानता र असमानता देखिएका छन् । ०२८ को नेपाली भाषा पाठ्यक्रमले दिइएको १०० पूर्णाङ्कलाई वर्तमान पाठ्यक्रममा स्वतन्त्र रचना र अभिव्यक्तिलाई विशेष जोड दिइएको  छ ।  २०२८ सालको पाठ्यक्रममा भन्दा ०६४ को पाठ्यक्रम विशेष वैज्ञानिकताका आधारमा अङ्कभार विभाजन गरिएको छ ।

२०२८ सालको पाठ्यक्रममा विधाअनुसार समय प्रतिशत दिइएको छ तर नयाँ पाठ्यक्रममा त्यसलाई समावेश गरिएको छैन । २०२८ सालको पाठ्यक्रमले नेपाली भाषालाई पाठ्यभार छ दिइएको थियो भने अहिले २०६४ को पाठ्यक्रमले ५ पाठ्यभार राखेको छ । त्यसै गरी पुरानो पाठ्यक्रममा अङ्क विभाजन र समय विभाजनमा विधा मात्र दिइएको छ । क्षेत्रहरू दिइएको छैन तर नयाँ पाठ्यक्रममा विधा र क्षेत्र दुबै दिइएको छ ।

पाठ्यक्रममा पाठ्यभार र अङ्कभार अति महत्वपूर्ण हुन्छ । यही आधारमा नै शिक्षण योजना बनाउने र मूल्याङ्कन गर्ने गरिन्छ । त्यसैले पाठ्यक्रममा पाठ्यभार र अङ्कभारलाई व्यवस्थित र स्पष्ट रूपमा समावेश गरिएको हुन्छ । पाठ्यक्रमले निर्देश गरेका उद्देश्य प्राप्त गर्नु २०६४ को पाठ्यक्रम दिइएको ५ घण्टी प्रतिहप्ता समय ज्यादै कम भएको देखिन्छ ।

### ४.५ शिक्षण सामग्रीको आधारमा पाठ्यक्रमको तुलना

माध्यमिक तहको दुबै पाठ्यक्रममा शिक्षण सामग्री भनेर कुनै शीर्षक उल्लेख गरेको छैन । नेपाली भाषाका पाठ्यपुस्तक नै यस तहका मुख्य शिक्षण सामग्री छन् । कक्षाकोठामा  समान्य चक, डस्टर, कालोपाटीको प्रयोग गरिन्छ । माध्यमिक तहको पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सहायक सामग्रीको रूपमा माध्यमिक विद्यालय शिक्षण निर्देशिका प्रकाशित भएको छ । यस तहको परीक्षा सञ्चालनका लागि नमुना प्रश्नपत्र निर्माण गर्न सहयोगीका रूपमा ग्रीड पनि प्रकाशित भएको छ ।

यस पाठ्यक्रमलाई हेर्दा शिक्षण सामग्रीलाई उल्लेख नगरिएको शिक्षण सामग्री जस्ता प्रभावकारी सामग्रीको प्रयोगलाई महत्व नदिएको पाइन्छ । शिक्षण सामग्रीले प्रभावकारी सिकाइलाई महत्वपूर्ण प्रभाव पार्दछ भन्ने कुरामा ध्यान दिई पाठ्यक्रममा समावेश गर्नु आवश्यक हुन्छ ।

## ४.६ शिक्षण प्रक्रिया/विधिका आधारमा पाठ्यक्रमको तुलना

माध्यमिक तहको पुरानो नेपाली भाषा पाठ्यक्रममा शिक्षण विधि/प्रक्रियाका बारेमा कुनै कुरा उल्लेख भएको पाइँदैन तर नयाँ पाठ्यक्रममा शिक्षण प्रक्रिया नामक शीर्षक उल्लेख गरी विभिन्न विधाहरूको शिक्षणको उद्देश्य स्पष्ट गरी शिक्षण प्रक्रियाका बारेमा उल्लेख गरिएका कुरालाई उल्लेख गर्न सकिन्छ –

**क – कथा**

कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्दछ । यस क्रममा कक्षा श्रवण (श्रुतिबोधात्मक दृष्टिले समेत) कथा कथन, कथा निर्माण आदि क्रियाकलाप गराउन सकिन्छ । साथै कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग श्रृतिलेखन जस्ता कार्यकलाप गराउनु पर्छ भनिएको छ ।

**ख – कविता**

कविता शिक्षण गर्दा विशेषतः लययुक्त सस्वर वाचन, भावपहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ र भावविस्तार आदिसँग सम्बन्धित कार्यकलापहरू गराउनु पर्दछ । साथै आवश्यकता हेरी विद्यार्थीहरूलाई कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत गराउनु पनि उपयुक्त हुन्छ भनी उल्लेख गरिएको छ ।

**ग – जीवनी**

यसका माध्यमबाट त्यस्ता विशिष्ट व्यक्तिव एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर र मौन पाठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रृतिलेखन जस्ता क्रियाकलाप गराउनु पर्छ भन्ने उल्लेख छ ।

**घ – निबन्ध**

यस तहमा पाठ्य तथा लेख्य निबन्धहरूको भाषिक सीप विकासको अभ्यास गराउँदा मौनपठन, बोध, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्दछ । यसका अतिरिक्त गद्याशंको सस्वर पठन,

पठनबोध, मौखिक तथा लिखित प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, भावविस्तार व्याख्याका साथै शब्दोच्चारण, व्याख्या, सारांश भावविस्तार व्याख्याका साथै शब्दोच्चारण कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रृतिलेखन जस्ता अभ्यास गराउनु अपेक्षित छ । लेख्य रूपमा यसको शिक्षण गर्दा निर्देशित र स्वतन्त्र लेखनका प्रक्रियाहरू अपनाई निबन्धका उपयुक्त अध्यास गराउनु आवश्यक छ भनिएको छ ।

**ङ पत्र/चिठ्ठी**

पत्रलेखनको अभ्यास गराउँदा पाठमा प्रस्तुत चिठ्ठी, निवेदन आदिको शिक्षण गर्दा तिनलाई नुमनाका रूपमा उपयोग गरी तिनको ढङ्गढाँचा र विभिन्न अङ्कको सोदारण परिचय समेत दिई तद्अनुरूप सोही अनुरूप अभ्यास गराउनु पर्छ भनिएको छ ।

**छ – व्याकरण**

व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा उदाहरणद्धारा पुष्टायाँई गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठ भित्रै बाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूले आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय छ । यस तहमा छुट्टै पाठ्यपुस्तकका आधारमा व्याकरण शिक्षण गर्न बोझिलो हुने र उद्देश्य अनुकूल नहुने कुरा उल्लेख छ ।

**ज – हिज्जे (वर्णविन्यास) र लेख्य चिन्ह**

हिज्जेको शिक्षण गर्दा पाठमा प्रयुक्त शब्दहरूको वर्णविन्यास हेर्ने र शुद्ध प्रयोग पक्षमा जोड दिनुपर्दछ । विद्यार्थीलाई वर्णविन्यासका नियम सिकाउनमा भन्दा नियमको ख्याल गरी शुद्ध लेखनमा अभ्यास गराउनु पर्दछ । यसका अतिरिक्त समयसमयमा हिज्जे प्रतियोगिता गराई शुद्ध लेखनमा सचेत गराइनुपर्दछ ।

**झ – शब्दभण्डार**

निर्दिष्ट पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त विभिन्न किसिमका शब्द तथा उखानटुक्काको शिक्षण गर्नाले भाषिक बोध तथा अभिव्यक्ति सामर्थ्य बढाउन मद्दत पुग्छ । पाठमा प्रयुक्त पर्यायवाची,

विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, परिभाषिक/प्राबिधिक, अनुकणात्मक आदि शब्दहरू र उखान टुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउनु अपेक्षित छ । यसका लागि शब्दकोषको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्छ ।

२०२८ को पाठ्यक्रममा शिक्षण प्रक्रियाका बारेमा उल्लेख नगरिएको भएपनि २०६४ को पाठ्यक्रममा स्पष्ट उल्लेख भएकाले यो निकै उपयोगी देखिएको छ । भाषा पाठ्यक्रममा राखिएका सामग्रीहरू शिक्षण गर्न भाषिक सीपहरूलाई ख्याल गर्नु पर्दछ । शिक्षण प्रक्रियामा एकैखाले शिक्षण विधि उपयुक्त हुँदैन र एउटै विधिको शिक्षण माध्यमबाट कुनै सीपको मात्र विकास गर्न सकिने हुन्छ । सबै सीपको विकास गर्न असम्भव प्रायः हुन्छ । भाषाका लागि छनौट भएका पाठ्यसामग्री मध्ये विधा र व्याकरणका कुराहरू पर्दछन् । तिनीहरूलाई एकै किसिमले शिक्षण गर्न सकिदैन । विधा अनुसारको शिक्षण विधि फरक-फरक हुन सक्छ । पाठ्यक्रममा विधा अनुसार शिक्षण विधि, भाषिक कुशलताहरू प्रयोग गरिने सामग्रीहरूलाई सङ्केत गर्नुपर्ने हुन्छ ।

यो आधारलाई हेर्दा २०२८ को पाठ्यक्रम यस बारेमा मौन छ तर वर्तमान् पाठ्यक्रमको शिक्षण प्रक्रियामा कुनै विधामा शिक्षण विधि उल्लेख गरिएको छ र कुनैमा उल्लेख गरिएको छैन । पाठ्यक्रमको उद्देश्यमा भाषिक सीपहरू कसरी हासिल गर्ने भन्ने कुराको सङ्केत गरिएको छैन । त्यसैले पाठ्यक्रम निर्माण गर्दा शिक्षण विधि/प्रक्रियाका बारेमा स्पष्ट निर्देश गर्नुपर्ने देखिन्छ । नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्दा निगमन विधि, आगमन विधि, श्रुतिभाषिक पद्धति, संज्ञात्मक पद्धति, अनुवाद विधि, व्याकरणानुवाद विधि, प्रत्यक्ष विधि, पठन विधि, मौन विधि, मौखिक संरचना सन्दर्भ विधि प्रयोग गर्नुपर्ने देखिन्छ ।

## ४.७ मूल्याङ्कनका आधारमा पाठ्यक्रमको तुलना

विद्यार्थीहरूका शैक्षिक उपलब्धिको लेखाजोखा गरी सिकाइका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु मुल्याङ्कनको प्रमुख उद्देश्य हो । मूल्याङ्कनले उपलब्धिको मात्र लेखाजोखा नगरी प्रयोग भएका सामग्री, कार्यक्रम कार्यान्वयन प्रक्रिया र उद्देश्यकै समेत लेखाजोखा गर्दछ ।

यस शीर्षकअन्तर्गत मा.वि.तहको नेपाली भाषाको पाठ्यक्रम २०२८ र २०६४ अन्तर्गत समाविष्ट मूल्याङ्कन व्यवस्थाको तुलना गरिएको छ ।

माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ मा मूल्याङ्कन व्यवस्थाका लागि निम्न अनुसारको तालिका समावेश गरिएको छ –

तालिका संख्या – ११

**भाषा पाठ्यक्रम २०२८ अनुसार मूल्याङ्कनको व्यवस्था**

| क्र.स. | विधा | अङ्क |
|---|---|---|
| १ | निबन्ध | २० |
| २ | कथा | १० |
| ३ | जीवनी | २० |
| ४ | चिठ्ठी | ८ |
| ५ | रूपक | १० |
| ६ | पद्य | १० |
| ७ | लय र छन्द | ८ |
| ८ | व्याकरण | १४ |
| | जम्मा | १०० |

त्यसै गरी माध्यमिक तहको भाषापाठ्यक्रम २०६४मा मूल्याङ्कन व्यवस्थाका लागि निम्न अनुसार तालिका समावेश गरिएको छ –

तालिका संख्या – १२

**भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कनको व्यवस्था कक्षा – नौं**

| क्र.स. | क्षेत्र | विधा | अङ्कभार % |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वार्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति वाच्य, वाक्य र वाक्य परिवर्तन, शब्दनिर्माण | १८ |
| ४ | बोध | कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ५ | सारांश | कथा, निबन्ध, जीवनीबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क – निबन्ध<br>ख – चिठी, वक्तृता, संवाद, दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कविता, कथा, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कविता, कथा, निबन्ध, जीवनी | १५ |
| १० | विवेचनात्मक उत्तर | कविता, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

नेपाली भाषापाठ्यक्रम २०६४ ले मूल्याङ्कन प्रक्रियाका लागि उपयुक्त तालिका अनुसारको व्यवस्थाका अतिरिक्त दृष्टव्य उपशीर्षक अन्तर्गत निम्न अनुसारको दृष्टिकोण प्रस्तुत गरेको छ –

- विवेचनात्मक प्रश्नमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिनेछ।
- पाठ्यगत मूल्याङ्कनमा विभिन्न गद्य र पद्य विधाका पाठको विषयवस्तु, मूलभाव, घटना सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिनेछ।
- बोध अन्तर्गत दृष्टांश अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण गरिनेछ।
- सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत सिकाइका अङ्कका रूपमा गरिनेछ।
- कक्षा - ९ को नेपाली विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घण्टी र बार्षिक १५० घण्टी निर्धारण गरिएको छ।
- विभिन्न पाठहरूको शिक्षणका लागि अनुमानित घण्टी शिक्षक निर्देशिकामा दिइनेछ।
- भाषातत्व र व्याकरण शिक्षणका लागि छुट्टै घण्टी नदिई विद्यागत, शिक्षणकै क्रममा एकिकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ।

तालिका संख्या – १३

**भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कनको व्यवस्था कक्षा – दश**

| क्र.स. | क्षेत्र | विधा | अङ्कभार % |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वार्णविन्यास | शुद्दीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति वाच्य, वाक्य र वाक्य परिवर्तन, वाक्य संश्लेषण | १८ |
| ४ | बोध | अदृष्टांश / रचनाबाट | ५ |
| ५ | बुँदाटिपोट/सारांश | कथा, निबन्ध, जीवनीबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | अदृष्टांश | क – निबन्ध<br>ख – चिठी, वक्तृता, संवाद, दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कविता, कथा, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कविता, कथा, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १० | विवेचनात्मक उत्तर | कविता, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

नेपाली भाषापाठ्यक्रम २०६४ ले मूल्याङ्कन प्रक्रियाका लागि उपयुक्त तालिका अनुसारको व्यवस्थाका अतिरिक्त द्रष्टव्य उपशीर्षक अन्तर्गत निम्नानुसारको दृष्टिकोण प्रस्तुत गरेको छ –

- विवेचनात्मकमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिनेछ ।
- पाठगत मूल्याङ्कनमा विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूलभाव, घटना सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिनेछ ।
- पठनबोध अन्तर्गत अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण गरिनेछ ।
- सुनाइ र बोलाइको परीक्षण कक्षागत सिकाइका अङ्कका रूपमा गरिनेछ ।
- कक्षा - १० को नेपाली विषयको पाठ्यभार प्रति हप्ता ५ घण्टी र बार्षिक १५० घण्टी निर्धारण गरिएको छ ।
- विभिन्न पाठहरूको शिक्षणका लागि अनुमानित घण्टी शिक्षक निर्देशिकामा उल्लेख गरिनेछ ।
- भाषातत्व/व्याकरण शिक्षणका लागि छुट्टै घण्टी नदिई विधागत शिक्षणकै क्रममा एकिकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।

भाषापाठ्यक्रम २०२८ र २०६४ मा कथा, निबन्ध, जीवनी, नाटक, चिठ्ठी, भाषातत्व जस्ता पक्षमा मूल्याङ्कनका लागि अङ्कभार दिइएको छ । त्यसै गरी २०२८ को पाठ्यक्रममा विधा, समय प्रतिहत र अङ्क दिइएको छ भने नयाँ पाठ्यक्रममा विधा क्षेत्र र अङ्कभार समावेश गरिएको छ । त्यस्तै पुरानो पाठ्यक्रममा निबन्ध, कथा र जीवनीमा छुट्टाछुट्टै अङ्क दिइएको देखिन्छ भने नयाँ पाठ्यक्रममा विवेचनात्मक, पाठगतबोध, सारांश, व्याख्या, स्वतन्त्र रचना आदिमा विभाजन गरी अङ्क दिइएको पाइन्छ । पुरानो पाठ्यक्रममा व्याकरण (भाषातत्व) लाई १४ अङ्क दिइएको छ भने नयाँ पाठ्यक्रममा व्याकरणलाई १८ अङ्क राखिएको छ । पुरानो पाठ्यक्रममा पद्यलाई १० र लय र छन्द भनी ८ अङ्क प्रदान गरिएको छ भने नयाँ पाठ्यक्रममा त्यस्तो कुनै व्यवस्था गरिएको छैन । २०२८ को पाठ्यक्रममा चिठ्ठीलाई ८ अङ्क र रूपकलाई १० अङ्क दिइएको देखिन्छ भने नयाँ पाठ्यक्रममा चिठ्ठी, दैनिकी, निबन्ध, वक्तृत्वकला र संवाद भनी कक्षा - ९ का लागि २० अङ्क छुट्ट्याइएको छ । कक्षा - १० का लागि निबन्ध, चिठ्ठी, मनोवाद, संवाद, वादविवादका लागि २० अङ्क छुट्याइएको छ ।

यसरी हेर्दा भाषिक सीप विकासको विषय गाम्भीर्यता र आवश्यकता वितरणका दृष्टिले २०२८ को पाठ्यक्रमका तुलनामा २०६४ को पाठ्यक्रम वैज्ञानिक, व्यवहारिक, र कार्यमूलक प्रकृतिको देखिन्छ । दुबै पाठ्यक्रममा शिक्षण विधि र उद्देश्यका बीच सङ्गति नमिलेकाले मूल्याङ्कन विधि पनि निमिलेको

देखिन्छ । २०६४ को पाठ्यक्रमको मूल्याङ्कन प्रक्रिया निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई लिइएको छ । निर्माणात्मक मूल्याङ्कनअन्तर्गत विद्यार्थीको कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगीता प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलाकेन र तिनको अवलोकन जस्ता कुरा उल्लेख गरिएको छ । कक्षोन्नतिको लागि लिइएको अन्तिम परीक्षा नै निर्णयात्मक मूल्याङ्कन भनिएको छ ।

दुबै भाषापाठ्यक्रमको मूल्याङ्कन प्रक्रियालाई हेर्दा विधा अनुसार र पाठ अनुसार मूल्याङ्कन गराउने अभिप्राय पाइन्छ । अन्तिम मूलयाङ्कनका लागि पढाइ र लेखाइ सीपलाई जोड दिइएको पाइन्छ । भाषिक मूल्याङ्कनका आधारमा सुनाइ र बोलाइको अन्तिम मूल्याङ्कन गर्ने अभिप्राय राखेको देखिदैन । तसर्थ हालको मूल्याङ्कन प्रणालीबाट विद्यार्थीको सही मूल्याङ्कन हुन सक्ने अवस्था छैन ।

# परिच्छेद – पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा २०२८ र २०६४ को तुलनात्मक अध्ययनका आधारमा निम्न लिखित निष्कर्ष निकालिएको छ ।

### ५.१.१. सबल पक्षहरू

- पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्यहरू समावेश गरिएका छन् । पुरानो (२०२८) को पाठ्यक्रममा साधारण उद्देश्य र कक्षागत उद्देश्यहरू छुट्टाछुट्टै दिइएका छन् ।
- दुबै  पाठ्यक्रममा साधारण उद्देश्यहरू समावेश गरिएका छन् ।
- दुबै पाठ्यक्रममा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग सम्बन्धित उद्देश्यहरू राखिएका छन् ।
- २०२८ र २०६४ को भाषा पाठ्यक्रममा पाठ्यांशको परिचय दिइएको छ ।
- नयाँ पाठ्यक्रममा शब्दकोश प्रयोग र पक्षलाई विशेष ख्याल गरिएको छ ।
- दुबै पाठ्यक्रममा कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठ्ठी, भाषातत्व -व्याकरण) जस्ता विधागत विषयवस्तु समाविष्ट भएका छन् ।
- भाषासँग सम्बन्धित विविध विषयवस्तुलाई समेट्न खोजिएकोले पाठ्यक्रममा विधागत विविधता पाइन्छ ।
- नयाँ पाठ्यक्रममा समयसन्दर्भ अनुसार विधाको क्षेत्रगत व्यापकता बढी छ ।
- पुरानो पाठ्यक्रममा विधाको क्षेत्रको साथै क्रमपनि दिइएको छ ।
- पुरानो पाठ्यक्रममा नेपाली भाषालाई छ पिरियड दिइएको छ ।
- नयाँ पाठ्यक्रम (२०६४) का लागि शिक्षक निर्देशिका र परीक्षा प्रयोजनका लागि ग्रीड ( निर्देशिका) तयार भएको छ ।
- पुरानो पाठ्यक्रममा विधाको क्षेत्र र क्रमको स्पष्टीकरण तोकिएको छ ।

- २०६४ को भाषा पाठ्यक्रममा शिक्षण प्रक्रिया समावेश गरिएको छ ।
- पुरानो पाठ्यक्रममा विधा अनुसार समय प्रतिशतपनि छुट्टयाइएको छ ।
- नयाँ पाठ्यक्रममा कुन क्षेत्रअन्तर्गत कस्तो-कस्तो क्षमता परीक्षण गर्ने हो उल्लेख गरिएको छ ।
- २०६४ को पाठ्यक्रममा राखिएका विषयवस्तुहरू र अभ्यास विद्यार्थीको स्तर र क्षमता अनुसारका रहेका छन् ।
- महापुरूष तथा साहित्यकारका प्रेरणादायी जीवनीहरू राखिएका छन् ।
- नयाँ पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया भनी छुट्टै स्तम्भका रूपमा चर्चा गरिएको छ ।
- भाषाका सुनाइ, बोलाइ, पढाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन निरन्तर मूल्याङ्कनका आधारमा गरिने कुरा दुबै पाठ्यक्रममा उल्लेख गरिएको छ ।

### ५.१.२ दुर्बल पक्षहरू

- नयाँ पाठ्यक्रम (२०६४) मा सुनाइ र बोलाइ जस्ता भाषिक सीपका उद्देश्यहरू अलग-अलग दिइएको छैन ।
- पुरानो (२०२८) को पाठ्यक्रममा शब्दकोश प्रयोग सम्बन्धी उद्देश्य समावेश छैन ।
- २०२८ सालको पाठ्यक्रममा वक्तृता सम्बन्धी विषयवस्तु समावेश गरिएको छैन ।
- पुरानो पाठ्यक्रममा विधागत क्षेत्रको व्यापकताको कमी छ ।
- नयाँ पाठ्यक्रममा नेपाली विषयको पाठ्यभार ५ मात्र दिइएको छ । २०२८ को पाठ्यक्रममा भने पाठ्यभार ६ राखिएको थियो ।
- दुबै पाठ्यक्रममा शिक्षण सामग्री उल्लेख गरिएको छैन ।
- २०२८ को पाठ्यक्रममा शिक्षण विधि र प्रक्रियाका बारेमा कुनै कुरा उल्लेख गरिएको छैन ।
- २०६४ को पाठ्यक्रममा शिक्षण प्रक्रियाको बारेमा उल्लेख गरिएको भएतापनि शिक्षण विधिको बारेमा छुट्टै रूपमा उल्लेख गरिएको छैन ।
- पुरानो पाठ्यक्रममा मूल्याङ्कनका लागि विधाको क्षेत्र समावेश गरिएको छैन ।
- नयाँ पाठ्यक्रममा विषयवस्तु र विधा अनुसार छुट्टयाइएको छैन ।
- पुरानो (२०२८) को पाठ्यक्रममा भाषिक सीपहरूको परीक्षण कसरी गर्ने भन्ने कुरा उल्लेख छैन ।

- पुरानो पाठ्यक्रममा बोध र साराशं सम्बन्धी मूल्याङ्कन व्यवस्था उल्लेख गरिएको  छैन ।
- २०६४ को पाठ्यक्रमले निरन्तर मूल्याङ्कनका बारेमा उल्लेख गरेपनि २०२८ को पाठ्यक्रममा निरन्तर मूल्याङ्कनका सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको छैन ।
- पुरानो पाठ्यक्रममा राखिएका कतिपय तहगत उद्देश्यहरू अमापनीय तथा अस्पष्ट रहेका छन् ।
- देशका विभिन्न धर्म, संस्कृति, परम्परा र अनेक जातजाति, वर्ग समुदायहरू सबैलाई पाठ्यक्रमले समेट्न सकेको छैन ।
- विशेष खालका बालबालिकालाई कसरी शिक्षण गर्ने भन्ने पक्षलाई यी दुबै पाठ्यक्रमले उल्लेख गरेको देखिँदैन ।
- समाजका अन्धविश्वास कुरीति, विकृति, विसङगति विरूद्ध नयाँ जागृति ल्याउन सक्ने विषयवस्तु समावेश गर्न सकेको देखिँदेन ।

## ५.२ सुझावहरू

माध्यमिक भाषा पाठ्यक्रम २०२८ र २०६४ का पाठ्यक्रमको तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निकालिएको सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

पाठ्यक्रमका सम्पूर्ण उद्देश्यहरू सीपमूलक, विशिष्ट, स्पष्ट, मापनीय, अवलोकनयोग्य हुनुपर्दछ । २०२८ को पाठ्यक्रममा कतिपय उद्देश्यमा यो गुण अभाव रहेको छ ।

- माध्यमिक तहको भाषा पाठ्यक्रमका उद्देश्यहरूले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई ध्यान दिँदै भाषिक दक्षता र कुशलता अभिवृद्धि गर्नुपर्दछ ।
- पाठ्यक्रममा देशको समसामयिक विषयवस्तुलाई उद्देश्यका रूपमा समावेश गर्नुपर्दछ ।
- पाठ्यक्रममा विषयवस्तु समावेश गर्दा छनोट र स्तरणलाई ध्यान दिनुपर्दछ ।
- भाषिक सीपका साथै बोध र अभिव्यक्ति सीप विकास हुने खालका विषयवस्तु समावेश गर्नुपर्दछ ।
- पाठ्यक्रममा अतिरिक्त क्षमताको विकास गराउन थप नयाँ विषयवस्तु र विधाको क्षेत्रगत व्यापकतालाई ध्यान दिनुपर्छ ।

- पाठ्यक्रममा जनसंख्या शिक्षा, वातावरण र स्वास्थ्यसँग सम्बन्धित समसामयिक विषयवगस्तुलाई समावेश गरिनुपर्दछ ।
- पाठ्यक्रममा प्रर्याप्त रूपमा भाषिक सीप हासिल हुने खालका विषयवस्तु समावेश गरिनुपर्दछ ।
- २०२८ ले तोकेको पाठ्यभारलाई नयाँ पाठ्यक्रम २०६४ मापनि कायम राख्न उचित देखिन्छ ।
- विधाको क्षेत्रगत अङ्क विभाजनमा एकरूपता र सन्तुलन हुनुपर्दछ । महत्वपूर्ण र अप्ठ्यारो विधा वा क्षेत्र अन्तर्गत अङ्कभार बढी दिइनुपर्दछ ।
- पाठ्यक्रममा शिक्षण सामग्री पनि समावेश गरिनुपर्दछ ।
- प्रयुक्त पाठका लागि उपयोगी र आवश्यक सामग्रीहरू स्पष्ट उल्लेख गरिनुपर्दछ ।
- पाठ्यक्रममा आवश्यकता अनुसार विभिन्न शिक्षण विधिहरूका साथै शिषण प्रक्रिया पनि उल्लेख गरिनुपर्दछ ।
- पाठ्यक्रममा विधा वा विषयवस्तु अनुसार समय प्रतिशत पनि छुट्टाइएको हुनुपर्दछ ।
- पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई निरन्तर प्रक्रियाका रूपमा समावेश गरिनुपर्दछ ।
- भाषिक सीपहरूको मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको हुनपर्दछ ।
- मूल्याङ्कनका लागि यथोचित अङ्कभारको व्यवस्था गरिनुपर्दछ ।
- भाषिक सीपहरूको मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्दछ ।
- मूल्याङ्कनका विविध साधनको उपयोग गरी मुल्याङ्कनलाई अद्यावधि गराइनुपर्दछ ।
- मूल्याङ्कनका लागि यथोचित अङ्कभारको व्यवस्था गरिनुपर्दछ ।
- यस तहका लागि शिक्षण निर्देशिका, पाठ्यक्रम निर्देशिका, परीक्षा निर्देशिका तयार गर्नुपर्दछ ।
- भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुसार मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिनुपर्दछ ।
- पाठ्यक्रमलाई अन्तिम रूप दिनुभन्दा पहिले सम्बन्धित क्षेत्रका विषय विशेषज्ञसँग विषयवस्तु विधा, भाषातत्व आदि पक्षमा व्यापक छलफल र विचार विमर्श गर्नुपर्दछ ।
- भाषा पाठ्यक्रमलाई प्रभावकारी तुल्याउन भाषापाठ्यक्रमसँग सम्बन्धित व्यक्तिहरूलाई विशेष तालिमको व्यवस्था गरिनु पर्दछ ।
- समयको परिवर्तनसँगै पाठ्यक्रमलाई परिमार्जित र परिस्कृत विकास गराउँदै युगसापेक्ष पाठ्यक्रमको निर्माण गर्नुपर्दछ ।

- भाषातत्व (व्याकरण) र शब्दभण्डार शिक्षणका लागि शिक्षण विधि, सामग्री र प्रक्रिया स्पष्ट रूपमा पाठ्यक्रममा उल्लेख गरिनुपर्दछ ।
- कुनै वर्ग, समुदाय र पक्षप्रति अपमान बोध हुने खालका विषयवस्तु पाठ्यक्रमले समावेश गर्नु हुँदैन ।
- दलित, अपाङ्ग, महिला आदिका भावनामा चोट पुग्ने खालका उखान टुक्का र कथा, प्रसङ्ग र विषयवस्तुलाई पाठ्यक्रमले समेट्नु हुँदैन । जस्तैः "आफू मरे डुमै राजा", "राजाको काम छोडी कामीको दियाली" आदि ।
- पाठ्यसामग्री रोचक, ज्ञानबर्धक, क्रियाकलापमुखी सबै वर्ग र समुदायका लागि हुने खालको हुनुपर्दछ ।
- पाठ्यक्रममा, निर्धारित विषयवस्तु, मूल्याङ्कन प्रक्रिया, शिक्षण विधि पूर्णत बालमनोविज्ञानमा आधारित हुनुपर्दछ ।
- सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपमा सीमान्तकृत वर्गका विषयवस्तु समावेश गरिनुपर्दछ ।

कुनै विषयवस्तुको अध्यायन आफैमा पूर्ण र अन्तिम हुन सक्दैन । त्यसैले यस अध्ययनका आधारमा निम्न लिखित शीर्षकमा भावी अनुसन्धानहरू हुन आवश्यक देखिन्छ –

- माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन ।
- माध्यमिक तह २०६४ अनुरूप नेपाली भाषापाठ्यक्रममा समाविष्ट भाषातत्वहरूको विश्लेषणात्मक अध्ययन ।
- माध्यमिक तहमा प्रयोग गरिने शैक्षिक सामग्रीहरूको विश्लेषणात्मक अध्ययन ।
- पाठ्यक्रम अनुरूपताका दृष्टिले माध्यमिक तहको नेपाली पाठ्यपुस्तकको अध्ययन ।
- माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको विश्लेषणात्मक अध्ययन ।

# सन्दर्भसामग्री सूची


अधिकारी हेमाङ्गराज र मोहन शर्मा, (२०३४) "त्रिभुवन विश्वविद्यालयको नेपाली शिक्षकहरुको प्रथम राष्ट्रिय अधिवेशन" काठमाण्डौं : पाठ्यक्रम विकास केन्द्र ।

खड्का मैयाँ, (२०५९) "माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०३८ र २०५५ को तुलनात्मक अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहाचला ।

खतिवडा तिर्थराज, (२०५३) "प्राथमिक शिक्षा नेपाली विषय पाठ्यक्रम २०३६/०३८ र २०४९ को तुलनात्मक अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि. ।

खनाल गीता, (२०६२) "प्राथमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि. ।

घिमिरे धुर्वकुमार, (२०५१) "पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रम तुलनात्मक अध्ययन" अप्रकाशित स्नातकोत्तर तह शोधपत्र त्रि.वि.वि. ।

थापा नारदकुमार, (२०६२) "माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि. ।

पुरी दिलनाथ, (२०६५) "माध्यमिक र उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रम (२०३८ र ०४९/५०) को तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि. ।

भट्टराई डा. रामप्रसाद, (२०६५) "भाषिक अनुसन्धान विधि'' शुभकामना प्रकाशन ताहाचल, काठमाण्डौं ।

शर्मा चिरञ्जिवी, (२०५८) एम.के. पब्लिशर्स एण्ड डिस्टीबयूटर्स, भोटाहिटी, काठमाण्डौं ।

शिक्षा मन्त्रालय शिक्षा पाठ्यक्रम (२०२८), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र काठमाण्डौं ।

शिक्षा मन्त्रालय, राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र काठमाण्डौं ।

शिक्षा मन्त्रालय, माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकासकेन्द्र काठमाण्डौं ।

# परिशिष्ट १

## माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन

### माध्यमिक तहको भाषा पाठ्यक्रम २०२८ मा निम्न अनुसारको विद्यागत क्षेत्र र क्रम

| क्र.स. | विद्या | उपविधा | कक्षा | | |
|---|---|---|---|---|---|
| | | | ८ | ९ | १० |
| १ | गद्य | निबन्ध | क | क–ख | क–ख |
| | | क) वस्तुप्रधान<br>ख) भावप्रधान | | | |
| | | कथा | ग–ङ | ग–च | ग–च |
| | | ग) लोक कथा<br>घ) आधुनिक कथा<br>ङ) पौराणिक कथा<br>च) ऐतिहासिक कथाा | | | |
| | | जीवनी (राष्ट्रिय चरित्र) | छ–झ | छ–ञ | छ–ञ |
| | | छ) राजनैतिक<br>ज) साहित्यिक र कलाकार<br>झ) सांस्कृतिक<br>ञ) विद्वान् र विचारक | | | |
| | | जीवनी (अन्तराष्ट्रिय) | ट | ट–ठ | ट–ड |
| | | ट) राजनैतिक र विचारक<br>ठ) अन्वेषक र आविष्कारक<br>ड) साहित्यिक र कलाकार | | | |
| | | चिठी | ढ–ण | ढ–त | ढ–त |
| | | ढ) घरायासी<br>ण) कार्यालय सम्बन्धी<br>त) व्यापारिक | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | रूपक | थ) मनोवाद<br>द) संवाद<br>ध) विवाद<br>न) एकाङ्की | थ-न | थ-न | थ–न |
| ३ | पद्य | प) इतिहास प्रधान<br>फ) नैतिकता प्रधान<br>ब) संस्कृति प्रधान<br>भ) सामाजिकता प्रधान<br>म) वर्णन प्रधान | प–भ | प–म | प–म |
| ४ | लयछन्द | य) लय<br>र) छन्द<br>ल) लोकछन्द<br>व) शास्त्रीय छन्द | य–ल | य–व | य–व |

# परिशिष्ट २

## माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन

### माध्यमिक तहको भाषा पाठ्यक्रम २०६४ ले निम्न अनुसारको विधागत क्षेत्र र क्रम

| क्र.स. | विद्या/भाषातत्त्व | कक्षा–९ | कक्षा–१० |
|---|---|---|---|
| १ | कथा | क) लोक कथा – १<br>ख) ऐतिहासिक कथा – १<br>ग) बालमनोवैज्ञानिक कथा – १ | क) पौराणिक कथा – १<br>ख) सामाजिक कथा – १<br>ग) मनोवैज्ञानिक कथा – १ |
| २ | कविता | क) नीति प्रधान/संस्कृति प्रधान – १<br>ख) प्रकृतिप्रधान/समाजप्रधान – २ | क) नीति प्रधान/संस्कृति प्रधान – १<br>ख) प्रकृतिप्रधान/समाजप्रधान – २ |
| ३ | जीवनी | राष्ट्रिय/अन्तराष्ट्रिय<br>क) ऐतिहासिक – १<br>ख) प्रेरक व्यक्तित्व – १<br>ग) विचारक – १<br>घ) आविष्कारक – १ | साहित्य र कला सम्बन्धी – १<br>राजनीतिक र प्रेरक व्यक्तित्व – १<br>विचारक – १ |
| ४ | निबन्ध | वस्तुपरक र आत्मपरक<br>क) समाजपरक – १<br>ख) प्राबिधिक/व्यवसायिक – १ | वस्तुपरक र आत्मपरक<br>प्राविधिक र व्यावसायिक – १<br>सांस्कृतिक – १<br>सामाजिक – १ |
| ५ | रूपक | क) वक्तृता – १<br>ख) संवाद – १ | क) मनोवाद – १<br>ख) वादविवाद – १<br>ग) एकाङ्की – १ |
| ६ | चिठी | क) घरायासी – १<br>ख) निवेदन र कार्यालय – १<br>ग) निमन्त्रणा र शुभकामना | क) व्यापारिक – १<br>ख) निमन्त्रणा, शुभकामना |
| ७. | दैनिकी | दैनिकी – १ | |
| ८ | भाषातत्व/व्याकरण (पहिचान प्रयोग) | १) शब्दवर्गको पहिचान र प्रयोग<br>क) नाम | १) शब्दवर्गको पहिचान र प्रयोग<br>क) नाम |

| | | | |
|---|---|---|---|
| | | ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) अव्यय -क्रियायोगी, नामयोगी, संयोजक, निपात, विश्मयादी बोध)<br>२, क) पदसङ्गति -लिङ्ग, वचन, पुरुष, आदर)<br>ख) वाच्य (कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य)<br>३) काल<br>क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत<br>४) पक्ष<br>क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात<br>घ) अभ्यस्त<br>५) भाव (अर्थ)<br>क) आज्ञार्थ<br>ख) इच्छार्थ<br>ग) अज्ञात<br>घ) सङ्केतार्थ<br>६) कारक र विभक्ति<br>क) कारक–कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण<br>ख) विभक्तिको प्रयोग<br>ग) विभक्ति नियम (सरल तिरेक)<br>७) वाक्य<br>वाक्यका प्रकार (सरल, संयुक्त र | ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) अव्यय -क्रियायोगी, नामयोगी, संयोजक, निपात, विश्मयादी बोध)<br>२) वाच्य परिवर्तन<br>३) धातु<br>क) सामान्य धातु<br>ख) नाम धातु<br>ग) प्रेरणार्थक धातु<br>घ) धातु रूपावली<br>४) वाक्य परिवर्तन<br>लिङ्ग, वचन, पुरुष, आदर, काल पक्षका आधारमा वाक्य परिवर्तन<br>५) भाव, प्रेरणार्थक र करण अकरणका आधारमा वाक्य परिवर्तन<br>६) कारक र विभक्तिको पहिचान र प्रयोग<br>७, क) वाक्यको प्रकारका पहिचान र प्रयोग<br>ख) वाक्य संश्लेषण<br>८) शब्द निर्माण<br>मूल शब्द र व्यूत्पन्न शब्दको पहिचान र प्रयोग<br>९) वर्णविन्यासको प्रयोग<br>क) लेख्य चिन्ह (पूर्णविराम, अर्धविराम, प्रश्नवाचक, अल्पविराम, उद्गाराचिन्ह, योजक चिन्ह, कोष्ठक चिन्ह, उद्धहरण चिन्ह, निर्देशन चिन्ह) |

| | | | |
|---|---|---|---|
| | | मिश्रवाक्य)<br>८) शब्दनिर्माण<br>क) उपसर्ग व्युत्पन्न शब्दहरू<br>ख) कृदन्त व्युत्पन्न शब्दहरू<br>ग) तद्धितान्त व्युत्पन्न शब्दहरू<br>घ) समस्त व्युत्पन्न शब्दहरू<br>९) वर्णविन्यास (हिज्जे)<br>क) लेख्य चिन्ह (पूर्णविराम, अर्धविराम, प्रश्नवाचक, अल्पविराम, उद्गाराचिन्ह, योजक चिन्ह, कोष्ठक चिन्ह, उद्धहरण चिन्ह, निर्देशन चिन्ह)<br>ख) ह्रस्व दीर्घ<br>ग) पदयोग र पदवियोग<br>घ) ब/व, श/ष, ङ/ञ/ण, न/म, शिरबिन्दु, चन्द्रबिन्दु आदि | ख) ह्रस्व दीर्घ<br>ग) पदयोग र पदवियोग<br>घ) ब/व, श/ष, ङ/ञ/ण, न/म, शिरबिन्दु, चन्द्रबिन्दु आदि |
| ९ | शब्दभण्डार | क) शब्दभण्डार<br>अ) पर्यायवाची शब्द<br>आ) अनेकार्थ शब्द<br>इ) अनुकरणात्मक शब्द<br>ई) विपरीतार्थ शब्द<br>उ) श्रुतिसमभिन्नार्थी शब्द<br>ऊ) सिङ्गो शब्द<br>ए) लद्युतावाची शब्द<br>ऐ) सङ्क्षिप्त शब्द<br>ओ) समुहवाचक शब्द<br>ख) उखान टुक्का | क) शब्दभण्डार<br>अ) पर्यायवाची शब्द<br>आ) अनेकार्थ शब्द<br>इ) अनुकरणात्मक शब्द<br>ई) विपरीतार्थ शब्द<br>उ) श्रुतिसमभिन्नार्थी शब्द<br>ऊ) पारिभाषिक र प्राविधिक शब्द<br>ख) उखान टुक्का |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | चेतबहादुर थापा |
| जन्ममिति | : | २०३२/०९/३० |
| पिता | : | चुरामणि थापा |
| माता | : | हुमकला थापा |
| स्थायी ठेगाना | : | अर्घाखाँची ढाकावाङ्ग -६, साम्नेगाउँ |
| लिङ्ग | : | पुरुष |
| राष्ट्रियता | : | नेपाली |
| भाषिक ज्ञान | : | नेपाली |
| सम्पर्क नं. | : | ९८४७३०८९७७ |
| शैक्षिक योग्यता | : | एम्.एड् |
| विशिष्टीकरण विषय | : | नेपाली |
| पेशा | : | अध्यापन |

**शिक्षा**

| क्र.स | योग्यता | साल | अध्ययन संस्था | श्रेणी | ठेगाना |
|---|---|---|---|---|---|
| १ | एस.एल.सी | २०४८ | श्री विश्व मा.वि | द्वितीय | अर्घाखाँची |
| २ | प्रमाणपत्र तह | २०५२ | पाणिनी बहुमुखी क्याम्पस | द्वितीय | अर्घाखाँची |
| ३ | वि.ए. | सन् २००१ | पाणिनी बहुमुखी क्याम्पस | द्वितीय | अर्घाखाँची |
| ४ | वि.एड. | सन् २००३ | बुटवल बहुमुखी क्याम्पस | द्वितीय | रूपन्देही |
| ५ | एम.एड | २०६८ | तानसेन बहुमुखी क्याम्पस | प्रथम | पाल्पा |